नेपालको पहिलो बौद्ध मासिक

# आनन्द भूमि

२०७० आश्विन पूर्णिमा/यँन्या पुन्हि- वर्ष ४१ अंक ५
बु.सं. २५५७ ने.सं. ११३३

The Ananda Bhoomi (Year 41, Vol. 5)
A Buddhist Monthly : Sept./Oct. 2013

*प्रमुख सल्लाहकारः*
**भिक्षु मैत्री महास्थविर (प्रमुख, आ. कु. वि.)**

*सल्लाहकार :*
**भिक्षु धर्ममूर्ति (कार्यवाहक प्रमुख, आ.कु.वि.)**

*व्यवस्थापक तथा वितरकः*
**भिक्षु पियदस्सी,** आनन्द कुटी विहार, ४२७१४२०

*व्यवस्थापन सहयोगी :* **भिक्षु सरणंकर**

*वितरण सहयोगी :* **विवेक महर्जन**

*लेखा व्यवस्थापन :* **सुरेश महर्जन,** स्वयम्भू

*आवरण डिजाइन/भित्री सेटिङ्ग :* **विनोद महर्जन**

*कम्प्यूटर सज्जा :* **राजकुमार छुका, ख्वप**

*सम्पादन सहयोगी :* **भिक्षु अस्सजि**

*सम्पादक/प्रकाशन संयोजकः*
**कोण्डन्य**
बुद्धविहार भृकुटीमण्डप, ४२२६७०२

***वितरणार्थ सहयोगीहरुः***
बुद्धजयन्ती समारोह समिति (श्रीघः), शर्मिला श्रेष्ठ (बौद्ध वृद्धाश्रम बनेपा), अ. इन्द्रावती-धर्मकीर्ति, सरिता अवाले (ललितपुर), वज्राचार्य (ललितपुर), सुश्री वीणा कंसाकार (बौद्ध महिला संघ नेपाल), सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, सुवर्णमुनि शाक्य (भैरहवा), विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (बेनी), सर्जुलाल वज्राचार्य, देवेन्द्र शाक्य (पाल्पा), कृष्णप्रसाद शाक्य ( बाग्लुङ्), विजय गुरूङ् (लमजुङ्) ।

*मुद्रणः*
**आईडियल प्रिन्टिङ्ग प्रेस**, ग्वार्को, फोनः ५००७५६३
शाखा : पुल्चोक, फोन : २१२०२३५

*प्रकाशकः*
**आनन्दकुटी विहार**
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०
*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

## बुद्धवचनामृत



**मासे मासे सहस्सेन - यो यजेथ सतं समं ।**
**एकं च भावित'त्तानं - मुहुत्तम'पि पूजये ।**
**साये व पूजना सेय्यो - यं चे वस्ससतं हुतं ॥**

***अर्थात् : महिनैपिच्छे हजारौं रुपैयाँ खर्च गरी यज्ञ (होम) गर्नेलाईभन्दा संयमी व्यक्तिलाई क्षणभर मात्र भएपनि पूजा, सत्कार गर्नु बेस । सयवर्ष होम गरेकोभन्दा क्षणभर गरेको त्यस्तो पूजा नै श्रेष्ठ हो ।***

**लां ला, सलंस, दोलं दो फुका यज्ञ-होम यानागुया पुण्य स्वया नं परिशुद्धम्ह चित्तम्हसित धौछिजक पूजा सत्कार यानागुया पुण्यफल उत्तम जुइ ।**

If, month after month, for a hundred years one offers sacrifices by the thousand, and if for a single instant one offers homage to a being full of whisdom that single homage is worth more than all those countless sacrifices. **- धम्मपद, १०६**

*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
**आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।**
**फोनः ४२७१४२०**
E-mail : anandakutivihar@gmail.com
gkondanya@gmail.com
info@anandabhoomi.com
Website: anandakutivihar.com.np
www.anandabhoomi.com

**वार्षिक रू. १५०/- एकप्रति रू. १५/- वार्षिक ग्राहक बनी सहयोग गरौं ।**

सम्पादकीय

# अझै पनि बुद्धसम्बन्धी विवाद गर्न टाउको उठाउँदै छन्

बुद्ध लुम्बिनीमा जन्मेका हुन्, त्यसैले बुद्ध नेपालमा जन्मेका थिए अर्थात् Buddha was born in Nepal भन्ने नारा आज जतातते घन्किरहेको छ । यस नारालाई विश्वव्यापिरूपमा घन्काउनेतर्फ नेपाल सरकारलगायत सम्बन्धित निकायले प्रचारप्रसारात्मक अभिमुखीकरणतर्फ प्रभावकारी ढङ्गबाट निरन्तर लाग्नुपर्छ भनी ठूलठूलो रकमी बजेटसहित हामी सेमिनारगोष्ठीमा विभिन्न घोषणा-पत्र पारित गर्ने कार्यमा लागिरहेका छौं अवश्य पनि । तर, त्यसको कार्यान्वयन पक्षलाई अनुगमन के कसरी भइरहेको छ, त्यतातिर ध्यानाकृष्ट कत्तिको भयो या भएन अब यसको समेत लेखाजोखा गर्नुपर्ने संरचनाको विकास हुनु जरूरी देखिएको छ । यस्तो प्रभावहारी संरचनागत कार्यले सम्भवतः बुद्धजन्म-भूमि नेपाल बारे विवादास्पद भ्रमलाई चिर्दै लान सकिने हुन्छ ।

बुद्धको जन्मथलो बारे विवादास्पद कुराहरूले एकपछि अर्को प्रकारान्तरले निरन्तरता पाइरहेको छ । हालसालै भारतीय टेलिभिजन च्यानल जिटिभिबाट प्रसारित 'बुद्ध' टेलिसिरियलले बुद्धजन्मसम्बन्धी विवादलाई पुनः निरन्तरता दिन मलजल थप्ने कार्य गरेको छ । 'बुद्ध' को प्रचारप्रसार गर्ने क्रममा सिरियलका कलाकार तथा निर्माताहरूले 'बुद्ध' भारतमा जन्मिएको अभिव्यक्ति दिएपछि नेपालीहरू क्रुद्ध बनेका थिए । प्रतिक्रियाहरूले उग्र रूप लिनसक्ने अनुमान गर्दै नेपाल केबल एसोसिएसनले एक घन्टाका लागि जिटिभीको प्रसारणमा समेत रोक लगाएका थिए । नेपाली समय अनुसार आइतबार विहान सवा ११ बजेदेखि करिब एकघण्टा प्रसारण रोकिएको थियो, पछि पुनः एक घन्टापछि पूर्ववत् चल्यो । वास्तवमा जिटिभीमा आएको यो अवरोध कुनै प्राविधिक गडबडीका कारण थिएन । 'सिरियलका कारण हुनसक्ने सम्भावित दुर्घटनालाई मध्यनजर गर्दै बुद्ध प्रसारण केबल टिभि अपरेटरमार्फत् जिटिभीको प्रसारण रोकेको थियो । सिरियलका निर्माता तथा कलाकारले बुद्धको जन्म, ज्ञानप्राप्ति तथा महापरिनिर्वाण भारतमा भएको अभिव्यक्ति दिएका थिए । यही सन्दर्भमा बुद्ध भारतमा जन्मिएको अभिव्यक्ति दिएका सिरियलका कलाकार कबिर वेदीले ट्वीटमार्फत् माफी मागेका छन् । 'मैले गलत बोले । मलाई माफ गर्नुस् । भगवान् बुद्धको जन्म निश्चय नै नेपालको लुम्बिनीमा भएको हो । मेरो अभिव्यक्तिले जस जसको भावनामा चोट पुग्यो सबैसँग माफी चाहान्छु' उनले ट्वीटरमा लेखेका छन् ।

सिरियलभित्रका कलाकारले बुद्ध नेपालमा जन्मेका हुन् भन्ने सत्य स्वीकारे पनि सिरियलभित्र भने यो तथ्यलाई कसरी प्रस्तुत गरिएको छ सबैका लागि चासोको विषय भएकाले यसमा नेपाल सरकारले छानबिन गरी आवश्यक कार्य अगाडि बढाउनु पर्छ । भारतसम्बद्ध क्षेत्रले समय समयमा हुने गरेका बुद्धसम्बन्धी विवावादास्पद कुराहरू बारेमा यस पटक पनि युवा विद्यार्थीहरू विरोध गर्न सडकमा उत्रिनु सकारात्मक कुरा हो । यसरी नै भारतीय टेलिभिजन जिटिभिले बुद्ध भारतमा जन्मेको भनी भूठा प्रचार गरी नेपालमा हस्तक्षेप कार्य गरिरहेको छ भनी मोहन वैद्यनिकट नेकपा माओवादीका कार्यकर्ताहरूले अनामनगरस्थित नेपाल केबुल टेलिभिजन महासंघको कार्यालयमा समेत तोडफोड गरी दबाबमूलक कार्य गरेका छन् । उहाँहरूले जुन चासो देखाए, सरोकारिता देखाए त्यो उल्लेखनीय नै मान्नुपर्छ ।

नेपालमा जन्मेका राष्ट्रिय विभूति बुद्धप्रतिको सम्मान जो कसैले गर्न सिक्नुपर्छ भन्न पछि नपर्ने हामीहरू आज उनै बुद्धको मूर्तिलाई सुर्खेतस्थित ऐतिहासिक काँक्रेविहार परिसरमा स्थापना गर्न नेपाल सरकारकै विभिन्न निकायलगायत तथाकथित नामधारी निकायहरूले भाँजो हालिरहेका छन्, सरकारले नै नकारात्मक व्यवहार प्रदर्शन गरिरहनु यो पनि अत्यन्त निन्दनीय एवं क्षोभको विषय हो । राष्ट्रिय विभूतिको मूर्ति स्थापना गर्न भाँजो हाल्नु भनेको राष्ट्रिय विभूतिप्रति अपमान गर्नु हो कि होइन ? राष्ट्रिय विभूतिप्रति अपमान गर्नेहरू राष्ट्रिय तत्त्व हुनसक्छन् कि सक्दैनन्? आज हामी बुद्ध नेपालमा जन्मेका हुन् भनी उनलाई सम्मान प्रदर्शन गरिनुपर्छ भनी भन्ने तर नेपालमै उनको मूर्तिलाई अपमान गर्ने विधिव्यवहार भइरहँदा स्वनामधन्य जो सुकै होउन्, उनीहरूले त्यसको विरूद्धमा आवाज बुलन्द गरिनु पर्छ कि पर्दैन ? बुद्धलाई केवल राजनीतिक विषय मात्र बनाउनु भएन भन्ने विषयमा सम्बद्ध हामी सबैको ध्यान केन्द्रीकृत हुनु जरूरी छ । बुद्ध-जन्मभूमि राष्ट्र नेपालमा धार्मिक विभेदको अन्त्य अझै भएको छैन, धर्मनिरपेक्ष राष्ट्रअनुकूल व्यवहार गर्न सम्बन्धित निकायले पहल गर्नै पर्छ ।

# विषय-सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | के बुद्ध नवम् अवतार नै हो त ? | नागसेन | ४ |
| २. | धर्मयुद्धको पूर्वाभ्यास | सीके लाल | ६ |
| ३. | नरवलिको अवशेष मासु चढाउने प्रथा .. | लोकबहादुर शाक्य | ९ |
| ४. | माल पाएर के गर्नु ? चाल नपाएपछि | देवेन्द्रराज शाक्य | १२ |
| ५. | सङ्कटग्रष्ट धर्म | शुभरत्न शाक्य | १४ |
| ६. | कसले के भने एकै प्रश्नमा अनेक जवाफ | २० वर्ष अघिको | १६ |
| ७. | सत्संगतमा जाऔं | सुशीला श्रेष्ठ | १८ |
| ८. | नेपालको पहिलो परिक्रमित बुद्धमूर्ति... | पुरन बहादुर शाक्य | १९ |
| ९. | मार्गनिर्देशकको कमी | अनिल महर्जन | २१ |
| १०. | शासनज्योति : नेपा:मिं म्हस्युम्ह भिक्षु | लाभरत्न तुलाधर | २२ |
| ११. | Quest for the Beyond | Dr. Ganesh Mali | २५ |
| १२. | Solo Paining Exhibition | Adwitiya Shivakoti | २७ |
| १३. | बौद्ध गतिविधि | | २९ |


# अनिच्चावत संखारा



जन्म : २००५ कार्तिक २ सोमवार

दिवंगत: २०७० भाद्र १७ सोमवार

**परिचित भजन गायक जुजुभाई शाक्यको असामयिक निधनले सम्बद्ध क्षेत्र एवं परिवार सदस्यहरू धैर्यधारण गर्न सकोस्, साथै दिवंगत उपासक जुजुभाईलाई सुगतिसहित**

## निर्वाण कामना !

सुगतिसहित निर्वाण कामना

**कोण्डन्य**

सम्पादक, आनन्द भूमि परिवार

बौद्ध दर्शन-चिन्तन/समसामयिक चर्चा-२

# के बुद्ध नवम् अवतार नै हो त ?

✍ नागसेन

हिन्दू विद्वान, ब्राह्मण पण्डित र हिन्दू नेवारहरूले धार्मिक कार्यक्रमहरूमा गौतम बुद्धलाई 'हामीले नवम् अवतारको रूपमा मान्ने गर्दछौं' भनेर मन्तव्य व्यक्त गरेका धेरै पटक सुनेको छु । यो पंक्तिकारलाई लाग्यो- 'के भगवान् बुद्ध साँच्चिकै विष्णु देवताको नवम् अवतार नै हो त ?'

सनातन हिन्दू धर्मावलम्वी र केही बौद्धहरूले पनि भगवान् गौतम बुद्धलाई भगवान् विष्णुको नवम अवतारको रूपमा मान्दछन्, पूजा श्रद्धा गर्दछन् । पूजा योग्यलाई श्रद्धापूर्वक पूजा गर्नु कुशल नै हो । हिन्दूहरूले ब्रह्मा विष्णु महेश्वर त्रिमूर्ति देवताहरूलाई मुख्य देवताको रूपमा मान्दछन् । त्रिदेवलाई सृष्टिकर्ता, पालक र अमङ्गल संहारकको रूपमा मान्दछन् । वैष्णवहरूले विष्णुलाई सबभन्दा माथि सर्वोच्च आराध्य देवताको रूपमा मान्दछन् । विष्णुको उपासना र आराधनाबाट नै मोक्ष प्राप्त हुन्छन् भन्ने उनीहरूको विश्वास छ । ई.पू छैठौं र पाचौं शताब्दीमा यिनीहरू भक्तिमार्गलाई नै मुख्य ठानी, यसैमा लागेको देखिन्छ । ई.पू. दोस्रो शताब्दीदेखि वैष्णव धर्मको राम्रो विकास भयो ।

हिन्दू धार्मिक परम्परामा देवताहरूले आवश्यकता अनुसार अनेक रूप लिने गर्दछन् भन्ने स्वीकार गरिएको छ । गीतामा जब संसारमा अधर्मले भरिन्छ र अत्याचार बढ्दछ, भगवान्को अनेक रूपमा पृथ्वीमा आगमन हुन्छ । फलस्वरूप अन्याय, अत्याचारको अन्त भई न्याय र सत्यको पुनर्स्थापन हुन्छ भनिएको छ । देवता विष्णुले पनि

> **– हामीमा अथवा 'म मा म, मेरो, अहं भन्ने केही छैन, त्यसैले बुद्धशिक्षा अनात्मवादी हो । जवकि हिन्दू-दर्शन आत्मवादी हो, जुन आत्मालाई हिन्दूहरूले सत्य, शाश्वत, नित्य, अविनाशी भनेर मान्दछन् । यसरी आत्मवादी हिन्दू वैष्णववादीहरूले अनात्मवादी गौतम बुद्धलाई विष्णु देवताको नवम् अवतार भनी कसरी स्वीकारे, अद्भूत एवं रहस्यमय लाग्दछ ।**

आवश्यकता अनुसार १० अवतार लिने गरेको छ । मत्स्य पुराण र वराह पुराणमा पनि निम्न १० अवतारहरूको उल्लेख गरेका छन् -मत्स्य, कूर्म, वराह, नृसिंह, वामन, परशुराम, राम, कृष्ण, बुद्ध र कल्कि । विशेष नवम् अवतारको रूपमा भगवान् बुद्धलाई लिइएको छ । अवतार भन्नाले- 'अवतरित हुनु वा तल झर्नु हो' कुनै खास उद्देश्य राखेर पृथ्वीमा अवतरित हुनुलाई नै अवतार लिनु भनिएको छ ।

अब भगवान् बुद्ध बारे केहि जानौं । सिद्धार्थ कुमार, नेपालको लुम्बिनीमा २६३७ वर्षअघि जन्मनुभएको थियो । ज्ञान वैराग लिएर मनुष्य जीवनमा दुःखबाट मुक्ति पाउने आध्यात्मिक ज्ञानको खोजमा गृह त्यागी हिंड्नुभयो । अन्तमा, बुद्धगयामा ध्यान तपस्या गरी मनका सबै क्लेशहरू निर्मूल गरी, दुःखबाट मुक्ति पाउने सर्वोत्तम प्रज्ञा ज्ञान, बुद्धत्वज्ञान प्राप्त गरी तथागत सम्यक् सम्बुद्ध हुनुभयो ।

यस अङ्क



गताङ्कमा



आनन्द भूमि

पढौं पढाऔं, समयमैं वार्षिक ग्राहक बनौं

आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं, फोनः ४२७१४२०
E-mail : anandakutivihar@gmail.com, anandakutivihar@ntc.net.np
gkondanya@gmail.com, kondanya@soon.com

उहाँ अरहत हुनुभयो । अब फेरि बारम्बार जन्म लिनु नपर्ने, सम्पूर्ण दुःखबाट मुक्त हुनुभई, निर्वाण हुनुभयो । अर्थात् तृष्णा रहँदासम्म पुनर्जन्म भइराख्दछ, तृष्णालाई 'वान' भनिन्छ । तृष्णा वा वान अलग भएपछि निर्वाण हुन्छ, अर्थात् पुनर्जन्म हुँदैन ।

अब विवेचना गरौं- गौतम बुद्ध नवम् अवतार हुनसक्दछ कि सक्दैन बुँदागत रूपमा :-

१. गौतम बुद्ध निर्वाणमा पुगिसकेकोले अब अवतारको रूपमा पुनः पृथ्वीमा जन्म लिएर आउने संभव नै छैन । हिन्दूधर्म अनुसार मोक्षमा पुग्नु भनेको, मनुष्य लोकबाट स्वर्ग लोकमा देवीदेवता आदि भएर जन्म लिने भएकोले, पुण्य सकिएपछि पुनः मनुष्य लोकमा आउनसक्ने अवस्थामा मात्र अवतार संभव छ । यसरी निर्वाण र मोक्षमा भिन्नता छ ।

२. गौतमा बुद्धको प्रमुख शिक्षाहरूमा अनित्य, दुःख र अनात्मा पनि एक हो । यस संसारमा सबै कुरा अनित्य, क्षणभंगुर र नाशवान भएकोले दुःखमय छ । हामीमा अथवा 'म' मा म, मेरो, अहं भन्ने केही छैन , त्यसैले बुद्धशिक्षा अनात्मवादी हो । जवकि हिन्दू-दर्शन आत्मवादी हो, जुन आत्मालाई हिन्दूहरूले सत्य, शाश्वत, नित्य, अविनाशी भनेर मान्दछन् । यसरी आत्मवादी हिन्दू वैष्णववादीहरूले अनात्मवादी गौतम बुद्धलाई विष्णु देवताको नवम् अवतार भनी कसरी स्वीकारे, अद्‌भूत एवं रहस्यमय लाग्दछ ।

३. गौतम बुद्ध, महावीर जैनका अनुयायीहरूले त्यसबेला चलिरहेको धर्मको नाममा ढोङ्ग प्रवृत्ति, यज्ञ, वलि र रूढिवादी धारणाविरूद्ध अभियान नै चलाएको देखिन्छ । बुद्धका शिक्षाले बुद्धधर्म निरन्तर विकासतिर लम्किरहेको र अर्कोतर्फ वैदिक धर्म रूढिवाढीको कारणले लोप होलाजस्तो भएको अवस्थामा केही नयाँ मतहरू देखा परे, जसले दुबैमा समन्वयात्मक भावना सिर्जना गर्ने प्रयास गरे । यसरी वैष्णव धर्मको रूपमा प्रादुर्भाव भयो । शायद यसैको परिणाम शतपथ ब्राह्मणले काल्पनिक रूपमा १० अवतारमा गौतम बुद्धलाई नवम अवतारको रूपमा समावेश गरी व्याख्या गऱ्यो ।

अन्तमा उपरोक्त तथ्यहरूका आधारमा विवेचना गर्दा भगवान् गौतम बुद्धलाई जो निर्वाणमा पुगिसकेको छ, विष्णुको अवतार भन्नु बिलकुल गलत, तर्कहीन, कपोलकल्पित र मिथ्या सावित हुन्छ ।

**सम्झनुहोस्**

**सुरक्षित बचत, उच्च प्रतिफल एवं सरल कर्जाको लागि**

**राजधानी बचत तथा ऋण सहकारी संस्था लि.**

**संस्थाद्वारा निर्धारित ब्याजदर**

| निक्षेपतर्फ | | ब्याजदर |
|---|---|---|
| १. बचत खाता | | ९% |
| २. मुद्दती खाता | त्रैमासिक | एकमुष्ठ |
| ६ महिना | १०.५०% | ११% |
| १ वर्ष | १२% | १२.५% |
| २ वर्ष | १२.५०% | १३% |

***ऋण तर्फ***

| | धनजमानी | | ब्याजदर | |
|---|---|---|---|---|
| | ६महिने | १ बर्ष | १ बर्ष | २ बर्ष |
| १) विभिन्न कर्जा | १९.००% | २०.००% | १८.००% | १९.००% |
| २) व्यवस्थापन शुल्क | ३.००% | ३.००% | ३.००% | ३.००% |
| (भुक्तानी म्याद भित्र चुक्ता गरेमा १% फिर्ता हुने) | | | | |
| ३) कर्जा नविकरण शुल्क | २.००% | २.००% | २.००% | २.००% |
| ४) मुद्दति रसिद धितोमा प्रदान गरेको ब्याजदरमा ३.००% थप | | | | |

२ बर्ष भन्दा बढी अबधिको लागि रू २ लाख भन्दा बदी रकम राखेमा मासिक रूपमा १३.००% का दरले ब्याज प्रदान गरिनेछ ।

ज्येष्ठ नागरिक पेन्सन योजना प्रत्येक महिना तोकिएको निर्धारित रकम प्रदान गरीने छ, साथै दशै खर्चको रूपमा एक महिना (३० दिन) बराबरको थप रकम समेत प्रदान गरीने छ र यसमा लाग्ने ब्याज कर संस्थाले ब्यहोरिदिने छ ।

**राजधानी बचत तथा ऋण सहकारी संस्था लि.**

**बागबजार, काठमाडौं ३१, फोन : ०१-४२१९२५२**



# धर्मयुद्धको पूर्वाभ्यास

✍ **सीके लाल**, chandrakishorlal@gmail.com

मोलअनुसारको सेवा दिन नसक्ने जुनसुकै स्तरको होटल पनि महंगो नै हो । त्यस अर्थमा जनकपुरमा सबै महंगा होटल मात्र छन् । राम्रो बस्ने खाने ठाउँ त छँदैछैन भन्दा पनि हुन्छ । त्यसैले होला समुद्रपारिबाट तीर्थ गर्न नेपाल आएका कतिपय 'उच्च आय' समूहका श्रद्धालु काठमाडौंबाट विहानको उडानमा जनकपुर जान्छन् र जानकी मन्दिरमा पूजापाठ गरेर सोही दिन फर्कन्छन् । आजभोलि भने भारतको गुजरात, महाराष्ट्रतिरका एकथरी तीर्थालु जनकपुरका महंगा होटलमा वास बस्न थालेका छन् । होटलको चिया आफूसँगै ल्याएको स्टिलको गिलासमा खन्याएर खानेहरूसँगको अनौपचारिक कुराकानी भने चिन्तित तुल्याउने प्रकारको हुने गर्छ । हिन्दुत्वको प्रचारकसँगै अन्तरंग सहज हुँदैन ।

महाराष्ट्रमा शिव सेना तथा गुजरातमा भारतीय जनता पार्टी हिन्दुत्वको राजनीति गरेर स्थापित भएका हुन् । हिन्दुत्वको राजनीति धर्म र परम्पराभन्दा पनि प्रतिशोध र आक्रामकताबाट चल्ने गरेको देखिन्छ । 'हिन्दुहरू सहिष्णु भएकाले पटक पटक पछारिने गरेका हुन्' र 'आक्रामकता नै आत्मरक्षाको सबभन्दा प्रभावकारी उपाय हो' भन्ने मान्यतामा आधारित विश्व हिन्दु परिषद् र बजरङ्ग दलजस्ता जत्थाहरूले भारतीय राजनीतिलाई समन्वयात्मक प्रतिस्पर्धाबाट द्वन्द्वात्मक संघर्षतिर डोऱ्याउन थालेका छन् । यीमध्ये केही सन्त, महन्त एवं महाराजका अनुयायीहरूले नेपाललाई 'आधार राष्ट्र' बनाउन चाहेको कुरा उभ्याउन गाह्रो पर्दैन । भारतका हिन्दुत्ववादी समूहरूले नेपालको निर्वाचनमा रूची राख्ने गरेको विषय नयाँ होइन । तिनको आक्रामकता भने पत्याउन नसक्ने गरी बढिरहेको छ ।

धर्मका नाममा उल्लेखित हुने सामान्यतः सत्ताच्युत वा अपमानित सम्भ्रान्तहरू देखिने गर्छन् । तराई मधेसका केही कथित उपल्ला जातका व्यक्तिहरूले नेपाली कांग्रेसका नेता शेरबहादुर देउवाले जस्तै 'गोरखाली राजाबाट न्याय' पाउने गरेका थिए । 'पिछडा जाति' भनिने समूहका सीमित

> **– प्रत्यक्ष हुने मतदानमा अब हुने निर्वाचनमा पनि सदा झैं जातपात, उम्मेदवारका 'क्षमताहरू' एवं पार्टी संगठनको प्रभावकारिता नै प्रमुख आधार रहनेछन् । समानुपातिकतर्फको मत 'हिन्दु राष्ट्र' तिर गयो भने अचम्म नमाने हुन्छ । हिन्दु राष्ट्रको अवधारणासँगै सैन्य प्रमुखता, एक जातीय राज्य एवं आलंकारिक राज संस्थाका मान्यता पनि जोडिएर आउने हुँदा कांग्रेस एमालेका कार्यकर्ता, समर्थकका नेता पनि अहिले कमल थापा नै भएका छन् ।**

व्यक्तिहरू पनि 'हिन्दु राज्य' व्यवस्थाबाट राम्रै फाइदा लिनेमध्येमा पर्थे । श्रमजीवीहरूमध्ये पनि केही सहज अवसरका खोजीमा हुन्छन् । त्यस्ता व्यक्तिहरूको जमात कर्णाली पश्चिममा संगठित हुनथालेको धेरै भयो । अब भने तिनको विस्तार पूर्वी तराई मधेसमा पनि देखिन थालेको छ ।

युरोप- अमेरिका जान नसक्ने तर अरब-मलेसियातिर गएर पसिना बगाउन नचाहने अर्धशिक्षित केही युवा आफ्नो असफलताको दोष राज्य व्यवस्थामाथि थोपरेर कुण्ठा र रोष गणतन्त्र, धर्मनिरपेक्षता तथा समावेशिताउपर खन्याउँछन् । पुरानो व्यवस्थामा नातावाद, कृपावाद एवं चाकरी मार्फत् सानोतिनो जागिरमा अल्झिन तिनलाई केही गाह्रो हुन्थेन । अहिले परिस्थिति केही बदलिएको छ । आरक्षण त निहुँमात्रै हो । त्यसले परम्परागत 'उच्च जात' भनिएकाहरूको रोजगारीमा खासै असर गरेको छैन । जन्माजम्मी नौ प्रतिशत आरक्षण पाएका मधेसीहरूको उपस्थिति नेपालको भृत्यतन्त्रमा प्रभावकारी हुन दशकौं लाग्नेछ । भएको मात्र के हो भने पहिलेको जस्तो एकाधिकार अब रहेन । राज्य संयन्त्रमा 'विधर्मी' ठहरिएका माओवादीको बोलवाला जो बढेको छ । अवसरका लागि आस्था एवं बफादारी लिलाम गर्न कत्ति पनि गाह्रो नमान्ने रोगबाट गोरखाली दरबार त मुक्त थिएन भने भृत्यतन्त्रको के कुरा भयो र !

धर्मको राजनीति गर्ने योजनाका साथ नेपालमा हस्तक्षेप गर्न चाहने भारतीय हिन्दुत्ववादीको प्रभाव सुस्तरी

फैलँदै गएको काठमाडौंमै पनि अनुभव गर्न सकिन्छ । गाइँगुइँ चलेका कुराहरूको प्रमाण जुटाउन गाह्रो हुनेछ । तर भारतीय धर्मगुरूहरूले नेपाललाई पुनः 'हिन्दु राज्य' घोषणा गराउन सयौं करोड रूपियाँ लगानी गर्न तत्पर रहेको कुरा 'उच्च वर्ग' जमघटहरूमा खुलारूपमै गर्ने गरिन्छ । त्यसभन्दा पनि भित्री चर्चा के छ एकथरी युवाले हिन्दुत्व रक्षाका लागि महिनावारी समेत बुझ्न थालेका छन् । बस्न खानका लागि बा–आमाको होटल उपलब्ध भएपछि हिन्दुत्ववादी नारा लगाउँदै मोटर साइकल कुदाउन महिनाको आठदस हजार पाए जति पनि पुग्छ । डर चाहिँ के हो भने फासीवादको जन्म यसरी नै हुन्छ ।

**बढ्दो गोलबन्दी**

मधेसको राजनीतिमा माओवादी विरोधी मोर्चाबन्दी एक हदसम्म धार्मिक र जातीय आधारमा पनि भएको हो । उल्लेख्य उपस्थिति भएका थारू, यादव, मुसलमान एवं तेलीसुढी जातीय समूहरू विभिन्न दलमा विभाजित छन् । तथाकथित 'उच्च जात' का मधेसीहरू अपवादबाहेक नेपाली कांग्रेस वा पूर्वपंचहरूका पार्टीसँग सम्बद्ध रहने गरेका थिए । दलितहरूलाई गोलबद्ध गरेर माओवादीले तराई मधेसमा आफ्नो जनधार विस्तार गरेका हुन् । संविधान सभाको निर्वाचनताका स्थापित जातीय समीकरण केही खलबलियो ।

मधेस विद्रोपछिको मधेसी जनाधिकार फोरम मूलतः यादव, तेलीसुढी एवं मुसलमान गठजोडका रूपमा उदायो । पूर्व पञ्च र कांग्रेसका ब्राह्मण, कायस्थ, भूमिहार तथा केही रौनियार तराई–मधेस लोकतान्त्रिक पार्टीको छातामुनि गोलबद्ध भए । माओवादीको दलित किल्ला कसैले भत्काउन सकेनन् । मधेसमा बसाइँ सरेका पहाडीहरूको परम्परागत छनौट नेकपा (एमाले) पनि कायै थियो । जातीय समीकरणले राजनीतिक कार्यसूची प्रभावित गर्ने हुँदा सबै दल संविधान बनाउनेभन्दा पनि सरकारमा पुगेर आ–आफ्ना मताधार सुरक्षित गर्नेतिर लागेकाले पनि केन्द्रीय राजनीति अन्योलग्रस्त बनेको हुनसक्छ ।

संविधान सभाको अवसानपछिको राजनीति झन् धमिलो बन्दै गएको छ । मधेसी जनाधिकार फोरम अब 'पिछडा' जातिको महासंघ रहेन । तमलोपाले जति नै कोसिस गरे पनि 'अति पिछडा' समूहलाई समेट्न सकेको छैन । कांग्रेसले मधेसवादी दलहरूलाई जति नै खुचिङ गरे पनि तिनले टाउको ठड्याएर गाउँ पस्न सक्ने अवस्था अझै बनेको छैन । राजा महेन्द्रका निगाहले मधेसमा घरखेत जोडेका पहाडी पनि अब एमालेसँग टाँसिरहन चाहँदैनन् । बसाइँ सरेकाहरूले नयाँ प्रवाहलाई सजिलैसँग अँगाल्छन् । अशोक राई एवं उर्मिला अर्यालहरूको भेललाई छेकेर राख्न एमोलेलाई गाह्रो हुनेछ । संरचना खलबलिएपछि रणनीति पनि प्रभावित हुने नै भयो ।

गणतन्त्र एवं धर्मनिरपेक्षताको स्वामित्व लिएको एनेकपा (माओवादी) तराई मधेसलाई प्रभाव विस्तार अवसरका रूपमा हेर्दैछ । मधेसवादी दलहरू संघीयता एवं समावेशिताको कार्यनीतिबाट पछाडि फर्कन सक्तैनन् । त्यसैले हिन्दुत्वको कार्यसूची बोक्ने राजनीतिक शक्ति कमल थापा नेतृत्वको राप्रपा–नेपाल मात्रै हो । कांग्रेस, एमालेजस्ता दलसँग न कुनै स्पष्ट आस्था छ न त प्रभावकारी रणनीति नै । काठमाडौंमा परम्परागत राजनीकि दलहरूले जति नै ठूला कुरा गरे पनि तिनको पैतालामुनिको भुइँ सुस्तरी राप्रपा नेपालतिर सर्न थालेको छ ।

मिश्रित निर्वाचन प्रणालीले गत संविधान सभामा एमाले, कांग्रेसको इज्जत जोगाइदिएको थियो । प्रत्यक्ष हुने मतदानमा अब हुने निर्वाचनमा पनि सदा झैँ जातपात, उम्मेदवारका 'क्षमताहरू' एवं पार्टी संगठनको प्रभावकारिता नै प्रमुख आधार रहनेछन् । समानुपातिकतर्फको मत 'हिन्दु राष्ट्र' तिर गयो भने अचम्म नमाने हुन्छ । हिन्दु राष्ट्रको अवधारणासँगै सैन्य प्रमुखता, एक जातीय राज्य एवं आलंकारिक राज संस्थाका मान्यता पनि जोडिएर आउने हुँदा कांग्रेस एमालेका कार्यकर्ता, समर्थकका नेता पनि अहिले कमल थापा नै भएका छन् । एमालेका नेता जनमतको कुरा गरिरहेका छन् भने कांग्रेसका कार्यकर्ता आफ्नै दिवंगत नेता गिरिजाप्रसाद कोइरालालाई धिक्कार्नमा रमाउँछन् । मूलकुरा के हो भने रूपमा फरक देखिए पनि सारमा ती दुवै दलका आस्थाहरू २०६२/६३ को लोकादेशभन्दा पनि २०५० सालतिरको जनादेशतिर फर्कन लागेजस्तो देखिँदैछ ।

**चुलिँदै अविश्वास**

धर्मको सनातनी परिभाषा 'धारण गर्न योग्य असल आचार र व्यवहार' प्राकृतिक गुण सामान्यतः सृष्टिको हितमा हुन्छ । त्यसैले संरक्षण सबैजसो धर्मको स्वाभाविक चरित्र हुनेगर्छ । रूढीवाद यथास्थिति संरक्षण गर्ने प्रवृत्तिबाटै जन्मने हो । मसिहा आधारित धर्महरू भने 'एक ईश्वरः एक पुस्तक' सँग श्रद्धालुलाई 'बाँध्ने' उद्देश्यबाट अभिप्रेरित हुन्छन् । श्रद्धा सबभन्दा उत्पीडितको अन्तिम आश्रय हुने भएकाले नै कार्ल मार्क्सले धर्मलाई उत्पीडितजनको अफिम भनेको हुनुपर्छ । इतिहासको विडम्बना, उनै महात्मा मार्क्सबाट प्रतिपादित पन्थ अहिले परम्परागत धर्महरू भन्दा पनि बलियो लतका रूपमा स्थापित हुनपुगेको छ ।

मोहन वैद्य नेतृत्वको माओवादी जत्था हिन्दुधर्मका नागा बाबाजस्ता छन् । पुष्पकमल दाहाल मार्क्सवादी पन्थका शक्ति सरह छन्, शक्तिका उपासक । उद्देश्य एउटै भए पनि यी दुई सम्प्रदायबीचको सहकार्य सहज हुनेछैन । नागा बाबाहरूसँग गुमाउने कुरा खासै केही हुँदैन । दाहालको मधेस महत्वाकांक्षाका लागि सबैभन्दा ठूलो चुनौती तिनका आफ्नै पूर्व रक्षकहरू ठहरिने छन् ।

मधेसवादी दलहरूबीच माओवाद विरोधी भावना निकै मत्थर भइसकेको छ । एमाले कांग्रेसँग मधेसवादी दलहरूको प्रत्यक्ष प्रतिस्पर्धा छ । दलितहरू अहिले पनि मधेसवादीको प्राथमिकतामा पर्दैनन् । त्यसैले दाहालको हाँकलाई तराई मधेसका राजनीतिकर्मीले गम्भीरतापूर्वक लिएका छैनन् । वैष्णव एवं शैवको बाहुल्य रहेको मिथिला शक्तिहरू मूलधारको शक्तिका रूपमा स्थापित हुन सहज छैन । मोर्चाबन्दी भने माओवादी एवं हिन्दूत्ववादीबीच भइरहेको ठम्याउन गाह्रो छैन ।

माओवादीको गणतन्त्र एवं धर्मनिरपेक्षताप्रतिको आस्थामा शंकागर्न मिल्दैन । तिनको सैन्यवादप्रतिको मोह एवं बहुविधता विरोधी भावना भने डरलाग्दो छ । हिन्दुत्ववादीहरू सायद समावेशितासम्मलाई स्वीकार गर्लान् संघीयता कदापि पचाउन सक्नेछैनन् । मधेसीहरूको सम्मानलाई मुख्य कार्यनीति बनाएका राजनीतिककर्मीहरूको समस्या के हो भने तिनका समर्थक विभाजित मनःस्थितिमा छन् । अववादबाहेकका मुसलमानहरू, थारू वा दलित हिन्दुत्वको राजनीति पचाउन सक्तैनन् । जातजातिमा बाँडिएका भए पनि बहुसंख्यक हिन्दुधर्मावलम्बीलाई माओवादीको क्रान्तिकारिता अझै ग्राह्य बन्न सकेको छैन । दाहालले जतिसुकै 'भैंसी पूजा' वा 'बोलबम' गरे पनि परम्परागत हिन्दुहरू राप्रपा–नेपालकै निश्चिततालाई रूचाउन सक्छन् । मधेसको राजनीतिमा हिन्दुत्वको प्रभाव विस्तारलाई रोक्न सायद अब माओवादीको सक्रियताबेगर सम्भव हुनेछैन । कांग्रेस–एमाले कमल थापा जो भएका छन् ।

एक जर्मन चिन्तकले युद्धलाई अन्य तरिकाबाट गरिने राजनीति भनका छन् । निर्वाचन यस्तै शान्तिपूर्ण तरिकाबाट गरिने सत्ता युद्ध हो । युद्धको राजनीतिमा जित्नेले छाती फुलाउँछ भने हार्ने समथर अवस्थामा पुग्छ । निर्वाचन भने हार्ने र जित्ने दुवैथरीले हात मिलाउने युद्ध हो । त्यो सम्भव हुन एकआपसमा विश्वास एवं प्रक्रियाको शुद्धतामा भरोसा बढाउन सक्नुपर्छ । भारतीय हिन्दुत्ववादीहरूको प्रभावले विश्वासको वातावरण धमिल्याउन कुनै कसर बाँकी राख्नेछैन । इतिहासको अर्को विडम्बना, तिनका लागि प्रभावकारी औजार अहिले मोहन वैद्य समूहका माओवादी बन्न पुगेका छन् ।

उत्साहको सञ्चार गर्ने जनकपुर अहिले षड्यन्त्रहरूको अखाडाजस्तो लाग्न थालेका छ । माओवादी एवं माफियाद्वारा प्रवर्धित हिंसाको संस्कृति, विप्रेषण अर्थतन्त्रका विसंगति एवं हिन्दुत्ववादीहरूको गोलबन्दीको चेपमा परेको मिथिला क्षेत्रको राजनीतिमा आशा जगाउने केही देखिँदैन । सबैभन्दा हताशाको प्रश्न एक जना रिक्सा चालकको थियो– 'सर ! सैनिक शासन नै आए के बिग्रन्छ ?' एउटा मेधसवादी दलका उपाध्यक्षको उत्तर थियो– संघर्ष गर्ने अन्तिम शक्ति त्यो मात्र हो । त्यो पनि मैदानमाउत्रियो भने बल्ल राज्य पुनर्संरचना सुनिश्चित हुन्छ ।' टिप्पणीलाई हाँक वा आत्मसर्पण दुवै रूपमा अर्थ्याउन सकिन्छ । नयाँ राजनीतिक समीकरण भने हिन्दुत्वको पक्षविपक्षमा ध्रुवीकृत हुने देखिन्छ । र, त्यस्तो अवस्थामा नेपालको स्थायी सत्ताको सहानुभूति यथास्थितिकै पक्षमा नरहेर आक्रामक हिन्दुत्वतिर उन्मुख हुनसक्छ । फासीवादको पदचाप प्रायः ठम्याउन नसकिने किसिमको नै हुन्छ । डर भने आभासले मात्र पनि उत्पन्न गराउँदो रहेछ ।


बुद्ध जन्मभूमि नेपालमा

सदा शान्ति छाइरहोस् ।



इन्द्रेणी वचत तथा ऋण सहकारी संस्था लि.

गुरुजुधारा, काठमाडौं, फोन नं. ४३१५३४४, फ्याक्स : ४३१०४५८



# नरवलिको अवशेष मासु चढाउने प्रथा अन्धविश्वासको ज्यूँदो नमुना

✍ लोकबहादुर शाक्य

> **– पाटन सुबहालमा मानिसको मासु काटेर देवतालाई अर्पण गर्नेजस्तो विकृति निर्मूल गर्ने प्रयास भएपनि सुधार्न सकिरहेको छैन । यस्तो विकृति चुपचाप हेरिरहनु बौद्ध संस्कार अनुकूल भएन ।**
>
> **– बौद्ध स्थलमा पशुवलिको प्रचलन त धेरै सुधार भइसकेको छ । मान्छेको मासु काटेर अर्पण गर्ने कुप्रथालाई निरन्तर कायम गर्नु सर्वथा अनुचित भएकोले धर्मचित्त जगाएर सुधार्न सम्बन्धित महानुभावहरूले दृष्टि पुऱ्याउनु परेको छ ।**

साँख्यहरूले सत्व-रज-तम आदि गुणहरूको साम्यावस्थालाई प्रकृति या प्रधान भनेर स्वतन्त्र तत्त्व मान्न खोज्छन् । तर त्यो प्रमाण र युक्तिसंगत भएकोले अभिरूचि नभएको कुरा देखाउन किल भन्ने शब्द प्रयोग गरिएको छ । त्यस्तो कल्पना गरिए पनि त्यसलाई आफू छु, अब हुन्छ भन्ने चेतना हुँदैन । कुनै पनि असत् कुरा उत्पन्न नहुने भए पनि सत्कार्यवादको सिद्धान्तअनुसार सबै पदार्थहरू उत्पन्न हुनुभन्दा अघि पनि 'सत्' नै हुन्छन् । तर त्यसबेलामा अव्यक्तरूपमा हुन्छन् । पछि कारण सामग्रीको आधार लिएर व्यक्त हुन पुग्छन् । यसैलाई परिणाम भनिन्छ । त्यो अभिव्यक्ति अथवा परिणामभन्दा पहिले पनि त्यो 'सत्' छ भन्नुपऱ्यो । किनकि सत्कार्यवाद अनुसार जो अभिव्यक्ति या परिणामजस्ता कार्य छन्, ती पहिलेदेखि नै सत् हुन् । त्यसबेला पहिले किन अव्यक्त थियो, पछि कसरी व्यक्त भयो भनेर शंका हुनसक्छ । खास कुरो त वस्तु र उसको अभिव्यक्तिको स्वभाव एउटै हुन सक्दैन । एउटै हो भने त अभिव्यक्ति कारण सामग्री भएपछि उत्पन्न भएकोले वस्तुपनि कारण सामग्री भएपछि उत्पन्न भएकोले वस्तु पनि कारण सामग्री भएपछि उत्पन्न हुन्छ भन्नुपऱ्यो, जो सत्कार्यवादविरूद्ध भयो र असदुत्पत्ति मान्नुपर्ने स्थिति आयो । यदि वस्तु र उसको अभिव्यक्ति अलग स्वभावका हुन्छन् भन्ने हो भने ती दुईको बीचमा सम्बन्ध नै हुने भएन । त्यस बेलामा अभिव्यक्ति उत्पन्न भएपछि पनि वस्तु अभिव्यक्त हुन नसक्ने हुन्छ । वस्तु र उसको अभिव्यक्तिको बीचमा सम्बन्ध स्थापित गर्नको लागि तेस्रो संयोजनको परिकल्पना गर्नुहुन्छ भने यो प्रसङ्ग पुनः उपस्थित हुन्छ र अनवस्था दोष आइलाग्छ । त्यसकारण परिणामभन्दा अघि पनि त्यो सत् हो भन्न सर्वथा अयुक्त हुन्छ ।

सबै चिज (आध्यात्मिक एवं बाह्य पदार्थहरू) अरूका अधीनमा परतन्त्ररूपले उत्पन्न हुन्छन् जसका अधीनमा ती छन् उनीहरू पनि फेरि आफ्नै अरू हेतुप्रत्ययका अधीनमा छन् । यस प्रकार जे चिज पनि निर्माण (माया) समान अचेष्ट छन् अर्थात् चेष्टालेरहित छन् । परमार्थतः सबै पदार्थ माया समान निर्मित र निर्व्यापार भएपनि इदम्प्रत्ययता अर्थात् प्रतीत्यसमुत्पाद हुँदै नभएको होइन । सबै धर्महरू इदम्प्रत्ययता मात्र हुन् र 'यो भए त्यो हुन्छ, यसको उत्पत्ति भए त्यसको उत्पाद हुन्छ' भन्ने स्वरूपका छन् । यो त युक्ति संगत नै छ । यही नियमले दुःख पनि देखापर्छ र त्यसबाट मुक्ति पनि सम्भव छ । 'एवम् पर वशं सर्वम्' भनेर उल्लेख गरिराखेकोमा अविद्याको कारणले संस्कार, संस्कारबाट विज्ञान, विज्ञानबाट नामरूप अनि क्रमशः षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान, भव, जाति, जरामरणरूपी द्वादश निदानले सञ्चालन गरिएको यो भवचक्र सञ्चालित छ र यही नै दुःखको अनादिकालदेखि चलिरहेको प्रवाह हो । त्यस्तै निवृत्ति हुँदा पनि अविद्याको निवृत्ति भएपछि संस्कारको निवृत्ति हुनसक्ने भयो । किनकि अविद्याले गर्दा संस्कार उत्पन्न हुन्छन् । यसै गरी सबै चक्र उन्मूलन हुनसक्छ र दुःखको आत्यन्तिक निवृत्ति सम्भव छ । त्यसकारण निर्व्यापार भएपनि द्वेष आदिसँग व्यावहारिक रूपमा मुक्ति हुन सम्भव छ र युक्तिसंगत पनि छ । अभ्युदय र नैःश्रेयस पनि यही आधारमा सम्भव हुन्छ । परमार्थतः स्वभावहीन भएतापनि व्यवहारतः यी सबै सम्भव कुरा हुन् । दुःख पनि व्यवहारसत्य हो, परमार्थसत्य होइन ।

अन्याय गर्ने खालका शत्रु या मित्र देख्ने वित्तिकै अन्याय प्रवृत्ति आफ्नो हेतुप्रत्ययको कारणले भएको हो भनेर सोचेर दोष नदेख्ने प्रयत्न गर्नुपर्छ । यसरी आफूले दुःखको आलम्वनलाई त्यागेर सुखको आलम्वनलाई ग्रहण गर्नुपर्छ । कसैले पनि इच्छा गरेर मात्र आफ्नो इष्ट सिद्धि गर्न सक्दैन । यदि त्यसो गर्न सम्भव भएको भए त कसैलाई पनि दुःख हुने थिएन किनकि दुःख त कसैले पनि चाहँदैन र सबैले सुखै चाहन्छन् । जीवनमा अनेक विघ्न, बाधा, कचिंगल आदि अनेक समस्या आएपनि विचलित नभैकन कुशल कामकुरोमा अग्रसर भैरहनु उत्तम उपाय हो । सोचविचारमा ख्याल नगरीकनै गर्नु प्रमाद हो । अज्ञानी बाल पृथकजनहरूको स्वभाव अरूलाई दुःख दिने भएपनि उनीहरू देखेर रिस पोख्नु उचित छैन । किनकि आगोको स्वभाव नै जलाउनु हो भने आगोले डढायो भनेर आगोसित रिसाउनु हुँदैन । नडढाए त आगो नै भएन ।

संसारमा जति पनि जड वा चेतना वस्तुहरू छन्, तिनीहरूको नाम हुन्छन् । नाम केवल कल्पित मात्र हो । जन्म हुनुअघि कसैको नाम हुँदैन । जन्मेपछि मात्र नामाकरण गर्ने भएकोले सम्पूर्ण नाम कल्पित स्वभावका भनिन्छ । कल्पित नाम यथार्थ रूपले नभएकोले नि-स्वभाव पनि भनिन्छ । शरीरभित्र म भनेर अहंकार ममकार पनि कल्पित नाम मात्र हो । शरीरका अङ्गप्रत्यङ्गमा खोजिहेरे पनि म भन्ने पाउन सक्दैन । केवल अविद्या, अज्ञान, मोहले गर्दा म भन्ने कल्पना गरिराखेको हो । सबै जड वा चेतना वस्तु दुइ अथवा बढि वस्तुको संयोजनबाट भएको हो । अफ्न अवस्था परिवर्तन वा भौतिक वा रासायनिक परिवर्तनबाट हुने हो । यसरी भएको वस्तुलाई प्रतीत्यसमुत्पन्न वस्तु भनिराखेको हो । मुख्य कुरो भनेको यस वस्तु हेतुप्रत्यय भयोकि त्यो वस्तु हुन्छ, यसको उत्पत्ति भयोकि यो उत्पत्ति हुन्छ भन्ने कर्मकारण भावको नियमलाई प्रतीत्यसमुत्पाद भनिराखेको हो । संसारमा हेतुप्रत्ययको संयोगबाट बनेका वस्तुहरू संवृत्तिसत्य व्यवहारको दृष्टिकोणले उत्पत्ति भैराखेको देखिन्छ । तर परमार्थ सत्यको दृष्टिकोणबाट नि-स्वभाव अनि असत्य छ । किनभने सम्पूर्ण जड अथवा चेतन वस्तु जीव स्थायी नभै नाश भएर जाने अनित्य भएकोले यथार्थमा छैन । परतन्त्र स्वभावको वस्तुमध्येमा प्राणी पनि परतन्त्र स्वभावको हो । यस प्राणीहरूसँग अनादिकालदेखि म मेरो भन्ने परिकल्पित स्वभावको 'ग्राहकदृष्टि, ग्राह्य दृष्टि' टाँसिरहेको छ । यी दुइ ग्राह्य तथा ग्राहक भाव (अहंकार ममकार) परतन्त्र स्वभाव प्राणीहरूसँग नभएको अवस्थालाई परिनिस्पन्न स्वभाव भनिराखेको छ । प्राणीहरूसँग म मेरो भन्ने अहंकार ममकारको भावना नराखी अविद्या, अज्ञान, मोह निवारण गरेर बोधिचित्त उत्पन्न गरेर परहितको कामकुरोमा लागेर जीवन सफल गर्न सकोस् भनेर कामना गर्दछु ।

सफल मानव जीवनको निम्ति माथि उल्लेख भएबमोजिम अविद्या, अज्ञान, मोह निवारण गर्नुपर्ने सत्यतथ्य मनन योग्य छ । सो विना बाधा, अडचन, समस्या हिंसात्मकजस्तो अमानवीय कामकुरो पैदा भइरहन्छ । पाटन सुबहालको बौद्ध विहारमा पनि उपरोक्त कारणले गर्दा नै पहिले नरवलिको प्रथा भएकोमा त्यसको अवशेषको रूपमा हाल मान्छेको मासु काटेर देवतालाई चढाउने जस्तो अन्धविश्वासको प्रथा चालुरहेको बुझिन्छ । त्यसको निवारणको निम्ति लोकहितको बोधिचर्या उत्पन्न गरेर अग्रसर हुन अनिवार्य छ । बुद्धधर्मलाई वैज्ञानिक धर्म मनेर विश्वले मानिएको सह्रानीय छ । संयुक्त राष्ट्र संघले बौद्ध चैत्य स्थापना गरेर बुद्धजयन्तीका दिन विदा गरेर भव्यरूपले मानिआएको बुद्धधर्मको गौरव हो । कतै विकृति देखापरेमा सुधार नभएसम्म आवाज उठाइरहने दृष्टिकोण यहाँ उल्लेखनीय ठानेको छु । पाटन सुबहालमा मानिसको मासु काटेर देवतालाई अर्पण गर्नेजस्तो विकृति निर्मूल गर्ने प्रयास भएपनि सुधार्न सकिरहेको छैन । यस्तो विकृति चुपचाप हेरिरहनु बौद्ध संस्कार अनुकूल भएन । त्यसैले तलका विस्तृत विवरण ध्यानमा राखेर सम्बन्धित संघबाट यस विषय प्राथमिकता दिई आवश्यक कामकुरो गर्नु गराउन विशेष अनुरोध छ ।

अन्नपूर्ण पोष्टको २०६५ कार्तिक ३ गतेको अङ्कमा 'अवशेष नरवलिको' शीर्षकमा प्रकाशित श्रीमान् रास जोशीको लेखको आधारमा यस लेखकले 'कुप्रथा न्हंकेत विहारसंघ न्ह्यचिलेमाः' शीर्षकमा लेखेको लेख २०६५ कार्तिक २७ गतेको सन्ध्या टाइम्स पत्रिकामा प्रकाशित भएको थियो । पाटनमा अक्षेश्वर महाविहारमा बौद्ध विहारसंघ स्थापना गरिराखेको ऐतिहासिक पृष्ठभूमि छ । यस संघबाट ललितपुरको सुबहाल विहारमा भैरहेको विकृति सुधार्न विहारसंघबाट गोष्ठी आयोजना गरेर आवश्यक कदम चलाउन उक्त संघका अध्यक्ष श्रीमान् बाबुराजा वज्राचार्यज्यूलाई लेख दिई अनुरोध गरेको थिएँ । तर

चाहिँदो सुधार हेतु कारवाही भएको देखिएन । एकपटक युवक बौद्ध मण्डलको कार्यक्रममा सुबहालमा चालुरहेको मान्छेको मासु काटेर अर्पण गर्ने प्रथा यस समयमा पनि जारी राखिछोडनु उचित नभएकोले यसतर्फ युवकहरूले दृष्टि पुऱ्याई सुधार्ने प्रयास गर्नुपऱ्यो भनी आफूले पनि सक्दो सहयोग दिने प्रण गरेर बोलेको यहाँ उल्लेख गर्नु सान्दर्भिक सम्झेको छु ।

२०६९ मंसीरको आनन्द-भूमि पत्रिकामा प्रकाशित यस लेखकको लेखमा जुनसुकै धर्म पनि अहिंसावादी भएपनि देवताको नाममा पशुवलि अर्पण गर्ने प्रथा बाँकी छ । पशुवलि निषेध चेतना अभियानबाट निकै प्रयास भइरहेकोले क्रमशः सुधार भइरहेको देखिन्छ । सुबहालमा पहिले मान्छेको वलि दिइन्थ्यो । अहिले सानो मासुको टुक्रामा सीमित भएको छ । महानवमीमा महाँकाललाई मासु चखाउनु पर्छ भन्दै ब्लेदले छाती या हात चिरेर जतिसुकै कष्ट भए पनि मान्छेको मासु काटेर चढाउँछन् । यसै सिलसिलामा ल. पु. बौद्ध विहारसंघका अध्यक्षज्यूलाई स्मरण गराउँदा कुरा भइरहेको छ सम्म भन्नुभयो । साथै स्थानीय महानुभाव श्रीमान् बुद्धरत्न शाक्य, जो युवक बौद्ध मण्डलको महासचिव भएको बखत भेट्दा उपरोक्त बारे सुधार गर्नुपर्ने कुरा गर्दा "परम्परागत प्रचलन लोप गर्न सकिन्न" भन्ने जवाफ सुन्नुपरेको दुर्भाग्य पूर्ण छ । बौद्ध स्थलमा पशुवलिको प्रचलन त धेरै सुधार भइसकेको छ । मान्छेको मासु काटेर अर्पण गर्ने कुप्रथालाई निरन्तर कायम गर्नु सर्वथा अनुचित भएकोले धर्मचित्त जगाएर सुधार्न सम्बन्धित महानुभावहरूले दृष्टि पुऱ्याउनु परेको छ ।

एकपटक ध्यानी बौद्ध विद्वान श्री गम्भीर शाक्यसँग कुरा भएको सिलसिलामा वहाँले सुबहालका पदाधिकारीलाई भेटी विहारमा मान्छेको मासु काटेर अर्पण गर्नु ठीक भएन भनेर सम्झाउँदा "परम्परादेखि कुल देवतालाई अर्पण गर्ने प्रचलन लोप गर्नु हुँदैन" भन्ने उत्तर दिइयो । यही बेला वहाँले "परम्परा त मासु मात्र अर्पण गर्ने होइन, मान्छे नै वलि दिने प्रथा रहेछ किन गरिएन ?" भनेर प्रश्नगर्दा सम्बन्धित व्यक्तिले जवाफ दिन सकेन भन्ने कुरा पनि सुनियो । यसरी प्रश्न उठाउनु भएकोमा गम्भीरज्यू धन्यवादको पात्र हुनुहुन्छ । ललितपुर बौद्ध विहारसंघका अध्यक्ष श्रीमान् बाबुराजा वज्राचार्य त प्रगतिशील राजनैतिक पार्टीका अगुवा पनि हुनुहुन्छ । वहाँसँग भएको कुरा माथि उल्लेख छ । उपरोक्त विकृति चुपलागेर बसी हेरिरहनु बौद्ध संस्कार अनुकुल भएन ।

पाटनका बौद्ध विहार तथा संघहरूका प्रतिनिधिहरू तथा गण्य-मान्य महानुभावहरू सम्मिलित गरेर वृहत बौद्ध सभा गरेर आवश्यक पहल कदमी गर्नु हुन विशेष गरी ललितपुर पुल्चोकस्थित बौद्ध विहार संघलाई पुनः विनम्र अनुरोध गर्दछु ।

*(सन्दर्भ श्रोतः आर्य शान्तिदेव विरचित बोधिचर्यावतार : अनुवादक नारायणप्रसाद रिजाल । साथै सामयिक विषय पनि सम्मिलित छ ।)*



**अत्तानं एव पठमं - पटिरुपे निवसये ।**
**अथञ्जम'नुसासेय्य- न किलिसेय्य पण्डितो ॥**

*अर्थात् : आफूलाई नै पहिले उचित स्थानमा राख, अनिमात्र अरुलाई उपदेश गर, यसरी व्यवहार गर्ने पण्डितको चित्तमा क्लेश (दुःख) भित्रिंदैन ।* - धम्मपद, १५८

**सुनौलो कीर्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.**
नगाउँ दोबाटो, नयाँ बजार, कीर्तिपुर

devendrabtl@yahoo.com



### चर्चा निग्लिहवास्थित अशोक स्तम्भको

# माल पाएर के गर्नु ? चाल नपाएपछि

✍ देवेन्द्रराज शाक्य

भगवान् बुद्धद्वारा प्रतिवादित उपदेशलाई ग्रहण गरी व्यवहारिक जीवनमा पनि त्यसलाई लागू गर्नाले एउटा हिंस्रक क्रुर दुर्जन व्यक्तिको मन परिवर्तन भई कसरी अहिंसाका पुजारी बन्दछन् भन्ने एउटा ज्वलन्त उदाहरण हो सम्राट अशोक ।

यहाँ तिनै सम्राट अशोकले नेपाल अधिराज्यको कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवाबाट ८ कि.मि. उत्तर-पूर्वमा रहेको कनकमुनी बुद्धको जन्मस्थल मानिएको निग्लिहवास्थित ई.पू. २४९ मा निर्माण गराएको स्तम्भको चर्चा गर्न खोजिएको हो ।

माल पाएर पनि चाल नपाउनु र काम कुरा भताभुङ्ग भई बिग्रिएपछि पछुताउनु हाम्रो नियति नै हो । पुरातात्त्विक एवं ऐतिहासिक महत्त्व बोकेको अति महत्त्वपूर्ण वस्तु निग्लिहवास्थित अशोक स्तम्भको संरक्षण-सम्वर्द्धन गर्नु सरकारको दायित्त्व होइन र ?

हाल यो स्तम्भको २.५ फुट जति जमिनभन्दा माथि र १२-१३ फुट जति जमिनमा पल्टिएर (ढलेको) अवस्थामा देख्न सकिन्छ । यस स्तम्भको वरिपरिको जग्गा अतिक्रमणको चपेटामा परेको छ । अझै गम्भीर भएर चासो नदिने हो भने कुनै दिन सिमाना पारी पुग्न के बेर । त्यहाँ घुम्न आउने अबुझ व्यक्तिहरूले स्तम्भमा जथाभावी लेख्ने केरमेट गर्ने गरेको कुरा स्तम्भको स्थितिले देखाइरहेको छ ।

कपिलवस्त जिल्लामा पुरातात्त्विक महत्त्वका स्तम्भहरू क्रकुछन्द बुद्धको जन्मस्थल गोटिहवा र कनकमुनी बुद्धको जन्मस्थल निग्लिहवामा गरी दुईवटा अशोक स्तम्भहरू रहेका छन् । यस्तो महत्त्वपूर्ण बस्तु उपेक्षित किन ? यो राष्ट्रकै ऐतिहासिक धरोहर हो । यसको संरक्षण सम्वर्द्धन गर्नु दायित्त्व राज्यको होइन र ? लुम्बिनी विकास कोषको क्षेत्राधिकारभित्र पर्ने यस्तो अमूल्य सम्पदाको संरक्षण गर्न नसक्नेले अरू के गर्न सक्ला ?

यस अशोक स्तम्भमा ब्राह्मी लिपीमा पालि भाषा निरू अक्षर कुदिएका हुन् । "देवान पियेन- पियदसिन लाजिन चोदसवसा भिसितेन । बुधस कनाक मनस धुवे दुतियं वढिते (विसतीब) । साभिसितेन च अतन आगाच महियिते (सिलाधुतेच उस । पापिते"

नेपालीमा यसरी अर्थ्याइएको छ - देवताहरूका प्रिय प्रियदर्शी अशोक कनकमुनी बुद्धको जन्मस्थानमा आउनुभई दुईपटक यसको मर्मत गराउनु भयो ।"

यस स्तम्भमा दुईवटा मयुरको चित्र र ऊँमणि पद्मे हुँ कुँदिएको छ ।



सिंहली ग्रन्थ अनुसार कनकमुनी बुद्धको जन्मस्थल यो ठाउँको नाम शोभावाती नगर थियो । उनका पिताको नाम यज्ञदन्त र आमाको नाम उत्तरा थियो । उनका भीयस र उत्तरा नाम गरेका दुई जना प्रमुख शिष्यहरु थिए । साथै सुभद्रा र उत्तरा नाम गरेका दुई जना प्रमुख शिष्यहरू पनि थिए ।

यहाँ स्वदेशी मात्र होइन विदेशी पर्यटकहरू पनि प्रशस्त आउने गर्दछन् । यसको वरिपरि परिक्रमा गरी अति श्रद्धापूर्वक यसलाई छोएर ढोग गर्दछन् । यो एउटा



पवित्रस्थल पनि हो । यस्तो पवित्रस्थलमा एउटा गतिलो विश्रामस्थल नहुनु, पिउने पानीको व्यवस्था नहुनु खाना गृह नहुनु अनि एउटा स्तरीय शौचालय समेत नहनुले पर्यटकहरूले सास्ती भोग्नु परेको कुरा सुन्दा, देख्दा जिम्मेवार व्यक्तिहरूलाई लज्जाबोध हुँदैन र? एउटा गतिलो विश्रामस्थल, पिउने पानीको व्यवस्था, खाजा घर, शौचालयजस्ता न्यूनतम आवश्यकता पनि पूरा गर्न सकिँदैन र ? झट्ट हेर्दा सामान्य कुराझै लाग्ने तर सबैलाई नभई नहुने महत्त्वपूर्ण कुराहरूको व्यवस्था भएमा पर्यटक सबैलाई नभई नहुने महत्त्वपूर्ण कुराहरूको व्यवस्था भएमा पर्यटकहरू बारम्बार आउने चाहना राख्थे शायद ।

सरकार र लुम्बिनी विकास कोषको मुख ताकेर मात्र यसको समुचित संरक्षण र विकास हुने कुरामा आम जनताको विश्वास घट्दै गएको छ । यसको विकास, संरक्षण संवर्द्धनको लागि स्थानीय अगुवा, समाजसेवी, संघसंस्था, समुदाय स्वतःस्फूर्त रूपमा जागरूक हुनुपर्‍यो । यसको व्यापक प्रचार-प्रसार गर्न नेपाली अंग्रेजी, हिन्दी भाषामा ब्रोसर, पम्पलेट पर्चा आदि छपाई यहाँआउने स्वदेशी विदेशी सबै खाले पर्यटकहरूलाई सर्वसुलभ तरिकाले उपलब्ध गराउनु पर्दछ । लुम्बिनी विकास कोषबाट प्राप्त हुने धेरै थोरै जे जति रकम प्राप्त हुन्छ, सदुपयोग गर्नु पर्‍यो । बजेट कम भयो भनेर रूने काम नगरौं ।

अन्तमा जाग जाग स्थानीय जनसमुदाय जाग । छरिएर रहेका अनेक संघसंस्थाहरू, समाजसेवीहरू एक जुट होऔं । यस स्थानमा जति धेरै सुविधा प्रदान गर्न सक्यो उति धेरै पर्यटकहरू आउनेछन् । जति धेरै पर्यटक आउनेछन् उत्ति नै स्थानीयहरूलाई प्रत्यक्ष फाइदा पुग्छ भन्ने कुरा नबिर्सौं । पर्यटकहरूको सेवा-सहयोग गर्न पछि नपरौं । अब पालो तपाईहरूकै हो ।

*(श्रोतः कपिलवस्तु लुम्बिनी दिग्दर्शन-विजय श्रीवास्तव बनारस ई.सं. १९५४)*

दर्ता नं. २०४६/०६५-०६६
एक होइन सबै सबल बनौं ।

**पापको फल भोग्न नपरेसम्म मूर्खले आफुले गरेको खराब कामलाई महजस्तो ठान्दछ । तर पापको फल भोग्न पर्दा दुःखित हुन्छ ।**
**– धम्मपद, ६९**

मुद्दती बचतमा
१३ प्रतिशत ब्याज

दैनिक बचतमा
६.५ प्रतिशत ब्याज

**बलम्बु च्याउ सहकारी संस्था लि.**
**बलम्बु , काठमाण्डौ**
बलम्बु-६, काठमाण्डौ, फोन नं. ४३१४८४४,
इमेलः bmc_coperative@yahoo.com



# सङ्कटग्रष्ट धर्म

✍ शुभरत्न शाक्य

> **– .......... बुद्धले जातजाति प्रथा, महिलाहरू माथिको दमन गराउने मनुस्मृति, वेद रुढिवादी अन्धो परम्परालाई तोड्दै परिवर्तनशील साँस्कृतिक क्रान्ति गरेका थिए । यस्ता क्रान्तिकारी बुद्धका शिष्यहरूले धर्मको मर्म बुझ्न नसक्दा बुद्धधर्म झन्झनै सङ्कट ग्रस्ट भएको हो ।**
>
> **–....... ठुल–ठुला गुरुहरू दुलोभित्र पसे कि खोलाले बगाए ?! खाली दानप्रदान कार्यक्रममा मात्रै दुलोबाट निस्किने, नेताहरू जस्तै प्रमुख आसनमा बसेरमात्र धर्मको सङ्कट टर्छ ?**

**पृष्ठभूमि**

२५५७ औं बुद्धजयन्तीमा सुर्खेतको काँक्रे विहारमा थाईलैण्ड र भारतबाट ३७ लाख ढुवानी खर्चगरी ल्याएको १७ फुटको बुद्धमूर्ति स्थापना गर्न लाँदैगर्दा निर्मम रूपमा स्थानीय प्रहरी प्रशासनले लाठीचार्ज गरी बौद्धधर्मालम्बीहरूको हातबाट बुद्धको मूर्ति खोसेर लगी सेप्टि टैंङ्किको नजिक फालिदियो । त्यस घटनाको विरोध गर्दै बौद्ध धर्मावलम्बीहरूको विभिन्न संस्था सम्मिलित संयुक्त सरोकार समितिका ४ बुँदे मागहरू प्रस्तुत गर्दै चरणबद्ध आन्दोलनमा उत्रिएका थिए । पहिलो चरणमा वर्तमान चुनावी मन्त्रीपरिषद्का अध्यक्ष सम्माननीय खिलराज रेग्मीको कार्यालयमा दुईदिन धर्ना दिएका थिए । दोश्रो चरणमा विभिन्न ठाउँहरूमा कोणसभा गरी सिं**हद**रवार घेराउ गरेका थिए । तेश्रो चरणको आन्दोलनमा छ दिने रिले अनशन र सडक–सभा गरेका थिए ।

४ बुँदे मागहरूमा सुर्खेतको काँक्रेविहार परिसरमा राख्न खोजिएको बुद्धमुर्तिलाई सोहि स्थानमा प्रतिस्थापना गर्नुपर्ने, बुद्धजयन्तीको पावन अवसरमा सुर्खेतमा बौद्धमार्गीहरूको झाँकी ऱ्यालीमाथि प्रहरी प्रशासनले गरेको कुटपिट र दुर्व्यवहारप्रति स्थानीय प्रशासनबाट स्थानीय बौद्धमार्गीहरू समक्ष सार्वजनिक रूपमा माफि माग्नुपर्ने । आगामी दिनमा मुलुकको कुनै पनि भू–भागमा बौद्धधर्मालम्बीहरूको आस्थाको केन्द्र विहार, गोन्पा, चैत्य, मूर्ति, आदि रहेको क्षेत्र वा स्थानहरूमा बौद्धमागीहरू माथि यस्तो दुर्व्यवहार नहुने कुराको सरकारबाट ग्यारेन्टी सुनिश्चितता गरिनुपर्ने । त्यस्तै मागहरूमा काँक्रेविहार संरक्षण विकास कोष गठन गर्नुपर्ने रहेका छन् ।

**विषय प्रवेश :**

यस महत्त्वपूर्ण आन्दोलनमा बौद्ध धर्मावलम्बीहरूको विभिन्न संस्था सम्मिलित संयुक्त सरोकार समितिको आह्वानमा व्यवस्थित रूपमा भव्य र सभ्य तरिकाले, अनुशासित ढङ्गले प्रस्तुत हुँदैजाने योजना तयार भएको थियो । सबै आन्दोलनमा सहभागी हुँदैजाँदा नेपाल परम्परागत बौद्ध धर्म संघ, गुम्बाहरू तथा विहारहरूबाट सहभागिता निकै कम भएको देखियो । डा. नरेशमान वज्राचार्य, थुप्तेन जिग्दोल (फुपु छेम्बे शेर्पा), नोर्बु शेर्पा, भिक्षु पियदस्सी, डा. अनोजा गुरुमाँ र उहाँका शिष्या गुरुमाँहरू सक्रीय रूपमा लाग्नुभएको देखिन्छ । अन्य गुरूजुहरू, लामाहरू, भन्ते–गुरुमाँहरूले आन्दोलनप्रति मनैदेखि नै समर्थन गरिएको देखिएन । नगरी नहुनेपछि उपासकहरूले नराम्रो भन्लान् भनेर बाध्यतावश २ घण्टे सिंहदरवार घेराउ कार्यक्रममा धेरैले सहभागिता जनाए । तर पनि कुनै गुरुमाँहरूले त "भगवान् बुद्ध शान्तिप्रीय हुनुहुन्छ उहाँले जुलुस, आन्दोलनमा र अनशनमा जान सिकाएको छैन" भनेर भन्नुभयो । अखिल नेपाल भिक्षु माहासंघको व्यवस्थापनमा भएको २०७०/०८/०५ को अनसन कार्यक्रममा पनि भिक्षु पियदस्सी, अनागारिका अतुला र सति बिहान ७:०० बजेदेखि साँझ ७:०० सम्म केही पनि अन्न र पानीसम्म पनि नपिईकन अनसनमा बस्नुभएको थियो । दिउँसो १२:०० बजेपछि भिक्षु कोण्डन्य, भिक्षु उदयभद्र, भिक्षु शरणंकर, भिक्षु महानाम, भिक्षु समित आउनुभयो । धेरै थोरै संख्यामा मात्र भिक्षुहरू सम्मिलित थिए । प्राय बौद्धहरू यस आन्दोलनप्रति सकारात्मक छैनन् । पाटनको बौद्धविहार संघ, अक्षेश्वर महाविहारका ईन्द्रबहादुर शाक्यले "यो बुद्धको मूर्तिको दाता को हो? ३७ लाखमा त पाटनमै पनि निकै राम्रो मूर्ति बन्छ नि, यो क्रिश्चियनहरूले हिन्दूहरूलाई झगडा गराउने चाल हो ।" भनेर आफू यस आन्दोलनप्रति उदासिन रहेको कुरा बताउनुभयो । यता लामा गुरुहरूको वर्षावासको समय भएकोले कतिपयले यस आन्दोलनमा भाग लिनुभएन ।

प्रायसः नेपालका बुद्धधर्मका गुरुहरू सबैको जीवन सरल छ । कसैको पनि मनमा आघाट पर्ने खालको चुनौतीको सामना गर्नुपरेको छैन । प्रायः जसो नेताहरू, पत्रकारहरू, शिक्षकहरूको पाईला पाईलामा चुनौतीको सामना गर्नुपर्ने हुन्छ । नेताहरूलाई जिउज्यान नै जानसकिने खालको खतरा हुन्छ, पत्रकारहरू न्युजैपिछे धेरै मानिसहरूसँग जवाफदेही हुनुपर्ने हुन्छ । पुलिस र आर्मीको पनि धेरै जोखिम मोड्नु पर्ने हुन्छ । विद्यार्थीहरूको ३ महिनामा एकचोटि परीक्षा आउँछ तर शिक्षकहरूको लागि त हरेक कक्षा नै परीक्षा हुन्छ । राम्ररी पढाउन सकेन भने विद्यार्थीहरू कक्षा छोडेर जाने, निदाउने, हल्ला गर्ने आदि चुनौतीको सामना गर्नुपर्छ । यस्तो जोखिम र चुनौतीले नै मानिसलाई खारिँदै लान्छ । त्यसैले परम्परागत परजीवी तथा संकुचित मनस्थिति राखेर "हामी अन्दोलनमा जानुहुँदैन यो राजनीति हो" भन्ने त्रशित सोचलाई पालेर राख्नु आजको समय परिस्थिति अनुसार नसुहाउँदो कुरा हो । धेरै भिक्षु, श्रामणेरहरू भएको विहारबाट २/३ जना २/३ जना खालि नहुने गरी रिले अनसनमा सहभागी गराउनु पर्ने हो । लामाहरू पनि वर्षावासको समय भएतापनि प्रार्थना गरेपछि आन्दोलनमा सहभागी हुनमिल्ने भएतापनि सहभागी भएको देखिएन । यस घटनाबाट पनि बौद्ध संघसंस्थाहरू संस्थागत विकासमा धेरै पिछडिएको देखियो । चुनौतीले भरिएको हाम्रो जीवनमा समाना गर्दैजाँदा नै निर्वाण वा बुद्धत्वको प्राप्ति हुने हो । एक छाक मात्र भोजन गरेर तथा परिवार र राजदरवार त्याग गरेर ५१ वर्षसम्म एक्लो जीवन बिताउने, दुःखबाट मुक्त हुन त्यागी हुनुभएका सिद्धार्थ गौतम बुद्धले जातजाति प्रथा, महिलाहरू माथिको दमन गराउने मनुस्मृति, वेद रूढिवादी अन्धो परम्परालाई तोड्दै परिवर्तनशील साँस्कृतिक क्रान्ति गरेका थिए । यस्ता क्रान्तिकारी बुद्धका शिष्यहरूले धर्मको मर्म बुझ्न नसक्दा बुद्धधर्म झन्झनै सङ्कट ग्रस्ट भएको हो । महापरित्राण पाठ, दान कार्यक्रम, कङग्युर तङग्युर पाठ कार्यक्रम, सत्यनारायणको पूजा, यज्ञ होम, कथिन उत्सव, खेलकुद प्रतियोगितामा दिनभरि घाम तापेर बस्नु परेतापनि बस्ने धर्म गुरुहरू शान्तिका मार्गदर्शक बुद्धको त्यति ठूलो अपमान हुँदा पनि त्यसको विरोधमा सरोकार संघको अन्दोलनमा नउत्रिनुले संघसंस्थाभित्र पनि व्यक्तिवादी सोच, संकुचित मनस्थिति, जुनसुकै संस्थामा पनि व्यक्तिहावी भएकोले हाम्रो धर्म नै सङ्कट ग्रस्ट भएको हो ।

आजका बुद्धधर्मका गुरुहरूमा चुनौतीको सामना गर्ने क्षमताको विकास गर्नुपर्ने देखिन्छ । यदि चुनौतीको सामना गर्नुपरेन भने व्यक्तित्वको विकास हुँदैन । भिक्षु महाप्रज्ञाले जीवनको प्रत्येक घडिमा जोखिम मोड्नुभएको कुरा उहाँको आत्मकथामा पढ्न पाउँछौं । आत्मकथाको कतिपय ठाउँमा "म मर्नु परे पनि मरोस्" भन्ने वाक्य प्रयोग गर्नुभएको पाउँछौं । त्यसरी जोखिमहरूसँग सामना गरेर बाघ, भालु, आदिवासीहरू भएको जङ्गलमा ध्यानभावना गर्नुभयो । भिक्षु प्रज्ञानन्द पहिलो पटक नेपालमा भिक्षाटन जानुहुँदा हुलियाहरूले गरूङ्गो फर्सि लगेर पात्रमा राखी दिएका थिए । भिक्षु बुद्धघोष दोश्रो विश्व युद्धताका बर्मामा धर्म सिक्न जानुहुँदा धेरै दुःखकष्ट भएको कुरा उहाँको जीवनीमा पढ्न पाउँछौं । त्यस्तै अनागारिका धर्मशीलाको जीवनी पनि ठूलो संघर्षको कथा हो । हाम्रो देश नेपालमा बौद्धहरू धेरै भएतापनि ९क्र मात्र देखाइयो, बुद्धमूर्तिलाई राज्यप्रशासनले सेफ्टी ट्याङ्कि नजिक लगेर फ्याँक्यो, बौद्धहरूमाथि निर्मम लाठि चार्ज भयो । राष्ट्रीय विभूति बुद्धको अपमान भयो । यो राष्ट्रियस्तरकै चुनौती हो । यस्तो चुनौतीका सामना गर्नको लागि ढुङ्गाको जस्तो मुटु चाहिन्छ । आफ्नो व्यक्तिगत जीन्दगीमा आउने चुनौतीको सामना गर्ने सामर्थ्य, साहस र अनुभव नभएका, जोखिम मोड्ने हिम्मत नभएका लाभसत्कार, सम्मान, पद, पदवी, धारण गरेर हाईफाई जीन्दगी बिताउन पल्केका धर्मगुरुहरूमा आन्दोलन गर्नको लागि साहस र रूची जुटाउन ढुङ्गा र फलाम नै पगाल्नु परेजस्तै गाऱ्हो पर्नु कुनै अचम्मको विषय होइन । नभए किन त्यस अनसन कार्यक्रममा सहभागी भएनन् त ? ती ठुल-ठुला गुरुहरू दुलोभित्र पसे कि खोलाले बगाए ?! खाली दानप्रदान कार्यक्रममा मात्रै दुलोबाट निस्किने, नेताहरू जस्तै प्रमुख आसनमा बसेरमात्र धर्मको सङ्कट टर्छ ?

त्यस्तै सोखिन जीन्दगी जिउने हो भने अब बुद्धशिक्षा लामो समयसम्म रहँदैन । बुद्धशिक्षालाई चिरस्थायी गर्नका लागि किताबहरू लेख्ने, फेसबुकमा बौद्ध कार्यक्रमहरूको फोटो अपलोड गर्ने, वेबसाईड बनाउने, धम्मपदलाई स्ट्याटसको रूपमा राखेर मात्र पुग्दैन । लाखौं लाख खर्च गरेर धूपबत्ति बाल्ने, असीमित मात्रामा फलफूल र फूलहरू बुद्धमूर्ति अगाडि चढाउने गरिन्छ । बुद्धको वास्तविक पूजा गर्न नजान्दा र त्यस पूजा गर्नुको वास्तविक अर्थ नबुझ्दा हिन्दी चलचित्र **"ओ माई गड"** का पात्रहरू जस्तै बनेका छन् । बुद्धमूर्तिलाई ढोग्नु "म रिस, राग र अज्ञानताबाट मुक्त भई बुद्धजस्तै बन्न सकोस्" भनेर प्रार्थना गर्नुपर्नेमा हामीहरूले "आफ्नो राम्रो होस्, बिहेवारि राम्रो होस्, परीक्षामा पास होस्, व्यापार व्यवसाय राम्रो होस्" भन्नेतिर मात्र ध्यान लगाएर प्रार्थना गर्छौं ।

२० वर्षअघि आ-आफ्नै विचार

# कसले के भने - एकै प्रश्नमा अनेक जवाफ

[प्रिय पाठकवृन्द ! एउटै धर्मका अनुयायीहरूमा एकै प्रश्न राख्दा जवाफमा कत्तिको अन्तराल देखिन्छ होला भन्ने जिज्ञासासहित नयाँ स्तम्भको रूपमा अनुभवी-क्रियाशील प्रव्रजित (भिक्षु-अनागारिका) हरूलाई तीनवटा प्रश्न र विहार तथा बौद्ध संस्थाको प्रतिनिधिका रूपमा सम्बन्धित व्यक्तिहरूसित दुईवटा प्रश्न सोधेको थिएँ । यसलाई विचार सर्वेक्षण भनौं वा विचार संकलनको रूपमा उपत्यका क्षेत्रमै सीमिति गरेको छु । यो कसैलाई होच्याउन र कसैको दोष औंल्याउन प्रस्तुत गरिएको होइन । यसप्रति सबैलाई रचनात्मक दृष्टिकोण राख्न अनुरोध गर्दछु । तर पाठकवृन्द उहाँहरूको जवाफ हाम्रो विचारसति मेल खानुपर्छ भन्ने राय राख्नु हाम्रो बुद्धिमत्ता हुनेछैन । तसर्थ निम्न प्रश्नोत्तर तुलनात्मक रूपमा अध्ययन गरिसकेपछि तपाईं आफूहरू पनि आफ्नो जवाफ तयार गर्नुहोस्, मनमनै गुनगुनाउनुहोस् । अझ यथा सम्भव आफ्नो विचारलाई लेख-रचनाको रूपमा नै प्रकाशित गर्न पछि नपर्नुस् भन्ने यहाँहरूमा यो सम्पादकको विनम्र अनुरोध छ- कोण्डन्य] -बु.सं. २५३८, वि.सं. २०५१ सालमा प्रकाशित धर्म-प्रदीप वर्ष ३ अंक ३ मा सम्पादित धेरैजनाको प्रश्नोत्तर अन्तरवार्तामध्येबाट साभार गरिएको हो- सम्पादक ।

**सम्पादक (प्र.नं.१)- वर्तमान नेपालको थेरवाद बुद्धशासनको भविष्य कस्तो छ ?**

**भिक्षु अश्वघोष महास्थविर** (संघाराम भिक्षु तालिम केन्द्र, काठमाडौं):

भविष्यवक्ता त होइन, तापनि यति भन्छु कि जबसम्म यहाँ हिन्दूधर्मको मनोमानी चल्छ र संविधानमा धर्मसापेक्ष नेपाल अधिराज्य रहिरहन्छ, तबसम्म थेरवाद शासनको उज्वल भविष्य देखिन्न ।

**भिक्षु ज्ञानपूर्णिक महास्थविर** (विश्वशान्ति विहार, काठमाडौं):

भविष्यको बारे बोल्नु सजिलो छैन । वर्तमान परिस्थिति हेर्दा थेरवाद बुद्धशासनको भविष्य राम्रो मान्न सकिन्न । प्रतिभाशाली व्यक्तित्वको अभाव, संघलाई निर्देशन दिने र पालना गर्नेहरूको कमीले गर्दा शिथिल भएको देखिन्छ । योग्य नेतृत्व र सकृय-सबल जनशक्ति यहाँ छँदै छैन । त्यसमाथि सामूहिक रूपमा गरिनुपर्ने कामहरूमा बेवास्ता भइरहेछ ।



अश्वघोष महास्थविर



ज्ञानपूर्णिक महास्थविर

**अनागारिका धम्मवती** (धर्मकीर्ति विहार, काठमाडौं):

मूलतः यसको भविष्य हाम्रै हातमा रहेको छ । एक आपसमा हामी बौद्धहरू सौहार्द्र वातावरणमा अघि बढ्नसक्नु नै थेरवादको भविष्यलाई मजबूत बनाउनु हो ।

**अनगारिका माधवी** (प्रधानाध्यापिका, यशोधरा बौद्ध स्कूल, ललितपुर):

प्रव्रजितहरू एक आपसमा मेलमिलाप वातावरणमा रहिरहनु आवश्यक छ । ठूलोले सानोलाई-सानोले ठूलोलाई गर्नुपर्ने कर्तव्य पालना हुनुपर्छ । एक-से-एक मैं हुँ भनी अगाडि बढ्नु नै पतनको कारण भइदिन्छ ।

**सम्पादक (प्र.नं.२)- करीब पाँच दशक लामो इतिहास बोकेको थेरवाद बुद्धधर्ममा न त गुणात्मक वृद्धि भयो, न त संख्यात्मक नै ? यस्तो बाहिर सुनिनमा आएको छ । अतः विकासको लागि तत्काल कस्तो कदम चाल्नु पर्ला ?**

**भिक्षु अश्वघोष महास्थविर** : जुनसुकै क्षेत्रमा पनि संख्यात्मक भन्दा गुणात्मकतालाई अधिक महत्त्व दिइन्छ, यो दिइनु पर्छ पनि । अरू नभए पनि रचनात्मक कार्यक्रम गर्ने र बहुजन हितार्थ केही गर्नु नै बुद्धधर्मको परिचय दिनु हो जस्तो मलाई लाग्छ ।

**भिक्षु ज्ञानपूर्णिक महास्थविर** : बुद्धधर्मको अध्ययन-अध्यापनको व्यवस्था हुन नसकेसम्म यहाँ केही पनि हुनसक्दैन । पढेलेखेका-विदेशबाट आएका भिक्षुहरूले आफ्नो उद्देश्यलाई ख्यालमा राखी कर्तव्य पूरा गर्नेतर्फ आफ्नो ध्यान केन्द्रित गर्नुपर्दछ । यसरी नै यौटा परिवेण-बौद्ध शिक्षण संस्थाको स्थापना गर्नसके

विकासको कार्यलाई टेवा पुग्छ ।

**अनागारिका धम्मवती** : तत्काल विकासको लागि प्रथमतः अहिले भिक्षुसंघ, अनागारिका संघ एवं उपासक-उपासिकाहरूमा एकताको आवश्यकता छ । आफूहरू राम्रो बाटोमा हिँडेर त्यसै बाटोमा अरूलाई डोऱ्याउनु पर्छ ।

**अनागारिका माधवी** : बौद्ध परियत्ति शिक्षको विकासमा जोड दिनु पर्छ । कम्तीमा सद्धम्म पालक (७ कक्षा) उत्तीर्ण भैसकेकालाई जागीरको व्यवस्था गर्न सक्नुपर्छ । यसो भएमा परियत्ति शिक्षातर्फ ध्यान केन्द्रित रहने छ ।

**सम्पादकः (प्र.नं.३) : उपासक-उपासिकाहरुका सम्बन्धमा केही भन्नु छ कि ?**

**भिक्षु अश्वघोष महास्थविर** : बौद्ध उपासक उपासिकाहरू आजसम्म पनि ज्ञानमार्गभन्दा बढी भक्तिमार्गतिर ढल्केको आभाष मिल्छ । प्रायः कसैको संस्कारमा पनि सुधार आएको देखिन्न । श्रद्धा अधिक छ, व्यवहारमा भने बौद्धत्वको परिचय पाइन्न । तर जे भए पनि उपासकोपासिकाहरू दान दिने र सहयोग गर्ने काममा भने निकै अगाडि पुगिसकेका छन् ।


**अनागारिका धम्मवती**


**अनागारिका माधवी**

**भिक्षु ज्ञानपूर्णिक महास्थविर** : खै ! के भन्ने, थेरवादी बुद्धधर्मअनुरूप चलेका उपासकोपासिकाहरू हातको औंलाले गिन्ती गर्नलाई पनि छैन । उपासकोपासिकाहरू पुरानै संस्कारबाट पीडित छन् । पूर्णरूपले थेरवादी-उपासकोपासिका निर्माण हुनु आवश्यक देखिन्छ । अब नयाँ Generation लाई थेरवादी संस्कार बसाली दिनुपर्छ ।

**अनागारिका धम्मवती** : उपासकोपासिकाहरूले खालि फलानो (प्रव्रजित) यस्तो, ढिस्कानो उस्तो भनेर आलोचना मात्र गर्नु मेरो सिद्धान्त विपरीत कुरा हो । मैले बुझेको अनुसार आलोचना मात्रै गर्नु नै पतनको मूल कारण हो । बरू तपाईहरूले हामी सबै मिलीजुली कसरी सुधार गर्ने भन्ने कुरामा ध्यान दिनु महोत्तम होला ।

**अनागारिका माधवी** : प्रव्रजितहरूले गृहस्थहरूलाई विनय-नियम राम्ररी बुझाइदिनु पर्छ । गृहस्थहरूले भिक्षु वा अनागारिकाहरूलाई समान व्यवहार गर्नुपर्छ । मुख हेरी व्यवहार गर्नु राम्रो होइन । पछाडि पछाडि गाली गर्दै हिँड्ने तर आफ्नो स्वार्थको लागि अगाडि प्रशंसा गर्ने- यो बानी छोड्नु पर्छ । बरू सम्मानित ... भए सम्मान गर्ने अपमानित ... भए अपनमान गर्ने ।

त्यस्तै भिक्षु श्रामणेर वा अनागारिका बनाउँदा हतार-हतारले नगरी भिक्षु महासंघले परीक्षणकाल निर्धारण गरी प्रव्रजित गर्ने गरेमा राम्रो हुने देखिन्छ । प्रव्रजित भैसकेकाहरूलाई भविष्यमा अलपत्र नहुने बाटाबारे सोच्नु आवश्यक छ । विदेशबाट अध्ययन गरी फर्केकालाई यहाँ विभिन्न क्रियाकलापमा संलग्न गराइनु पर्दछ । यसरी नै भिक्षुसंघकै अण्डरमा भिक्षु तालिम केन्द्रको स्थापा गरिनु पर्छ, जुन शहरभन्दा अलिकति टाढा र अनुकूल वातावरण भएको ठाउँ हुनुपर्छ । त्यहाँ अनुभवी गुरू हुनपर्छ, जसले शिष्यहरूको भावनालाई बुझ्न सकोस् ।

**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**
**आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु**
**यहि नै बुद्धको उपदेश हो ।**

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel. 4225625 / 4244173

**बिश्व मोटर ट्रेडर्स**

**ख-२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।**
**फोन नं.: ०१-२२९२२३०, ९७२१४०२९०५/३२०५४४**
E-mail: vmtautoparts@wlink.com.np
**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि**
**गाडिका पार्टस्हरुको लागि सम्पर्क गर्नुहोस् ।**

# सत्संगतमा जाऔं

✍ सुशीला श्रेष्ठ, साधक



सत्संगत शब्दले सधै सत्यको संगत गर्ने भनी बुझिन्छ । सत्संगत हुने ठाउँ एउटा पवित्र धाम हो, जहाँ जहिले पनि भगवान् बास गरेको हुन्छ । यस्तो धाममा भगवानको पवित्र नामको गुणगान र कीर्तन हुन्छ । सत्संगत नै एउटा यस्तो मार्ग हो, जुन मानवले मानवको यो चोला पाएर आफूले आफूलाई पार लगाउन सक्दछ ।

सत्संगतले मनमा भएका सम्पूर्ण क्लेश नाश गर्दछ । तन मनलाई पवित्र बनाउँछ । सधै सत्संगतले सही मार्गको पहिचान हुन्छ । चित्त शुद्ध हुन्छ । जीवनमा सत्य र असत्यको पहिचान हुन्छ । सोही निर्णय गर्नसक्ने क्षमताको विकास हुन्छ । सत्संगतमा लागेर जसले सही मार्गको पहिचान गरी जीवनलाई सत्यमा अंगाल्न सक्दछ, त्यसले आफ्नो जीवनपार लगाउँदछ । सत्संगतमा लागेर आफूले गरेको गलत कर्मको पश्चात्ताप गरी सत्य मार्गको ज्ञानलाई आफ्नो जीवनमा उत्तारी आफूले आफूलाई परिवर्तन गर्न सक्नुपर्छ ।

जीवनको के भर छ र ! भोलि कसले देखेको छ र ! पक्कै मरिन्छ, सत्संगतमा लागेर पार तरिन्छ ।

सत्संगत अखण्ड ज्ञानको भण्डार हो । जहाँ हामी डुबेर कहिले अघाउँदैन । सत्संगतमा लागेपछि मन भाव विचार शुद्ध गर्दै लैजानु पर्दछ । लोभ, मोह, रीस, राग, द्वेष आदि जस्ता कुराहरू टाढै राख्नुपर्छ । यस्ता कुराहरूलाई संयमतामा ल्याउन सक्नुपर्दछ । गुरूको सही निर्देशनमा आफूलाई ढाल्न सक्नुपर्छ ।

मनुष्य जीवन पाएर सत्संगतमा लागी आफ्नो जीवन सार्थक बनाउनु भनेको ठूलो पुण्यको फल हो । जुन मनुष्यले सत्संगको महिमा महत्त्वलाई बुझ्दछ, जान्दछ त्यसैअनुरूप आफूले आफूलाई परिवर्तन गर्दछ भने त्यस मनुष्य फेरी जन्म मृत्युको फन्दामा पर्दैन ।

सत्संगत हुने ठाउँमा जाँदा कयौं पुण्यको फल प्राप्त हुन्छ भनिन्छ भने संधै त्यसै मार्गमा लागेर आफूलाई परिवर्तन गर्नसक्नु भनेको ठूलो भाग्यमानी मनुष्यले मात्र पाउँदछ । सत्संगत जहाँ जाँदा परमआनन्दको अनुभूति हुन्छ । त्यसैले यस्तो सत्मार्गमा किन नजाने, संसारको उतार, चढाव, दुःख, पीडा, राग, द्वेषलाई छोडी हप्ताको एकदिन भएपनि यस्तो परम आनन्दको सत्यमार्गको सत्संगत गर्न जाऔँ ।


## बौद्ध-वृद्धाश्रमको सूचना

**बनेपा वडा नं. ४ मा अवस्थित बौद्ध वृद्धाश्रममा हाल केही बेडहरु खाली छन् । ईच्छुक ज्येष्ठ नागरिकहरुलाई सशुल्क बृद्धाश्रममा स्वागत छ ।**

हालको शुल्कको विवरण :

| | |
|---|---|
| फाराम शुल्क | : ५०/- |
| डिपोजिट | : ३,०००/- |
| भर्ना शुल्क | : ३,०००/- |
| मासिक शुल्क | : ३,०००/- |
| | ९,०५०/- |

**सम्पर्कः**

बौद्ध वृद्धाश्रम, बनेपा : ०११६६२८४९

बुद्धविहार भृकुटीमण्डप, काठमाडौं, ४२२६७०२



# नेपालको पहिलो परिक्रमित बुद्धमूर्ति तानसेनमा

✍ पुरन बहादुर शाक्य, तानसेन-पाल्पा

विश्वशान्ति (Peace World) को नायक सम्यक सम्बुद्धको जन्मस्थल लुम्बिनी भूमिबाट ७० किलोमिटर उत्तर क्षेत्रमा रहेको पौराणिक ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय मनोरमस्थल पाल्पा-तानसेन टक्सारटोल-५ स्थित यस ठाँउको पुरानो बुद्धविहार (महाचैत्य बुद्ध विहार) को सबैभन्दा माथिल्लोतलामा निर्मित नेपालको पहिलो परिक्रमित बुद्धमूर्तिको गत महिना आषाढ गुरु-पूर्णिमाको दिन लुम्बिनीबाट पाल्नुभएका भिक्षु अशोक स्थविर र भिक्षु सागरधम्मबाट एक विविध धार्मिक कार्यक्रमकाबीच समुद्घाटन भयो । यस टक्सारटोल महाचैत्य विहारका वर्तमान अध्यक्ष चकोरमान शाक्यको अध्यक्षतामा संचालन भएको प्रारम्भिक शान्तिपदयात्रा यस धार्मिकस्थल पाल्पाको तानसेन नगर परिक्रमापश्चात् सुरु भएको समारोहका मुख्य पाहुना श्रद्धेय अशोक स्थविर र श्रद्धेय सागरधम्मबाट विद्युतीय प्रभाव गरी परिक्रमित बुद्धमूर्तिको अनावरण-उद्घाटनसँगै धार्मिक कार्यक्रम सम्पन्न भयो ।



संसारको ज्योति (Light of the World) सम्यक् सम्बुद्धको मूर्ति (उभिएको) यो भगावान् बुद्ध जन्मनुभएको देशकै सर्वप्रथम परिक्रमित बुद्धमूर्ति (Rotating Statue of Buddha) हो । यो मूर्तिको उचाई करिब ७ फुटको छ । यो सम्यक् सम्बुद्धको मूर्ति पश्चिम नेपालकै प्रख्यात मूर्तिकार (कालिगढ) हरूले बनाएको मूर्ति हो । यहाँकै स्थानीय मूर्तिकार रामलाल शाक्य, मंगलप्रसाद वज्राचार्य, तिलकमान मर्हजन, इन्द्रलाल शाक्य, दिपेन्द्र प्रसाद वज्राचार्यको संयुक्त प्रयासद्वारा निर्माण भएको यो भगवान बुद्धको परिक्रमित मूर्ति निकै नै दर्शनीय र कलात्मक छ । यस मूर्तिलाई पूर्णरूप दिन करिब ३/४ महिना लागेको थियो । यस अद्भूत मूर्तिलाई हामी यहाँका बुद्धधर्मालम्वी र बौद्धमार्गीहरूले बुद्धशासनको अन्तिम समयसम्म स्मरण गरिराख्नेछौं । यस परिक्रमित पूर्णरूपले परिक्रमा गर्न १५ मिनेट लाग्छ भने यो मूर्ति परिक्रमा गर्नको लागि विद्युत लाइन (Electricity) को आवश्यकता पर्दछ । आफ्नै गतिमा प्रवाह हुने यस मूर्ति परिक्रमित समयको दृष्यले जो कोहीलाई पनि एकपल्ट भगवान् बुद्धको त्रयश्त्रिंश देवलोकबाट अवतरित भई यस धर्तीमा चारैदिशातर्फ धर्मदेशना दिनुभएको आभाष हुन्छ । अझ सन्ध्याकालीन दृष्यले जो कोही मानवको मनलाई शान्तिको पाठ सिकाइरहेको भान हुन्छ । परिक्रमित बुद्धमूर्तिले संसारका सबै प्राणीहरूलाई चारैदिशाबाट हेरिरहेको जस्तै अनुभूति प्राप्त हुन्छ । यस अर्थमा हाल यो २१ औं शताब्दीमा बुद्धधर्मको ठूलो उपलब्धिले हामी बौद्धधर्मालम्वी, बौद्धमार्गी धर्मप्रतिको आस्था धर्मगौरवको बाटो अझ फराकिलो बनाइदिएको छ । यसको साथसाथै पाल्पाको पर्यटन विकासको लागि यसले ठूलो भूमिका निभाउने भएको छ । सर्वविदितै छ, पाल्पा पौराणिककालदेखि ऐतिहासिक मनोरम धार्मिकस्थल मानिँदै आएको छ भने यस नविनकार्यले अझ महत्व थपेको छ । यहाँको भौगोलिक अवस्था अनुकूल हावापानी अप्रदूषित शान्तमय वातावरण यहाँस्थित धार्मिकस्थल विहार-गुम्बा, मठमन्दिरले बाहिरबाट आउने पर्यटकहरूलाई मन लोभ्याएको हुन्छ । यहाँका पुराना कलात्मक मन्दिरहरूले जो कोही पर्यटकहरूलाई राजधानी काठमाण्डौंको स्मरण गराउँदछ । समग्रमा भन्नुपर्दा नेपालको राजधानी काठमाण्डौं पछिको पर्यटक गन्तव्यस्थल पाल्पा हो भन्नुमा अत्युक्ति नहोला । हाल आएर यस महाचैत्य विहारले बाहिरबाट आउने पर्यटकहरूलाई निकै नै नौलो वस्तुको अवलोकन गर्ने जमर्को लिएको छ । यो प्रशंसनीय छ किनकी यहाँ बाहिरबाट आउने पाहुनाहरूलाई यस विहारले हाम्रो देशमा नभएको वस्तुहरूको अवलोकन गराउनेछ, जस्ले गर्दा पर्यटकहरूलाई आर्कषण गराउने माध्यम रहनेछ ।

प्रसङ्गवश यहाँ अर्को नौलो खवरले पनि पाल्पाको पर्यटक विकासका लागि हाल तानसेन नगरपालिकाले श्रीनगरडाँडामा निर्माण गरिएको भ्यू टावर (View Tower)

को माथिल्लो भागमा विश्वशान्तिका नायक लुम्बिनी अंचलकै गरिमा लुम्बिनी स्थलमा जन्मनुभएका संसारकै ज्योति भगवान् बुद्धको मूर्ति राख्ने विचार-विमर्श भइराखेको छ । यो अति उत्तम निर्णय र स्वदेशी, पाहुना, विदेशी पर्यटक आर्कषणको लागि एउटा केन्द्रविन्दू रहनेछ । यस भ्यू टावरमा भगवान् बुद्धको मूर्ति प्रतिस्थापन गर्नु हामी पाल्पाली बासीहरूलाई मात्र नभई सबैका लागि हुनेछ । मुलुककै धर्म प्रतिष्ठा एवं विश्वशान्तिका नायक महामानव बुद्धद्वारा प्रतिपादित शान्तिको सन्देशलाई फैलाउने क्रममा हाम्रो साझा नारा 'अब विश्वले चिन्ने छ नेपाल' (Buddha Was Born in Nepal) लाई उपरोक्त बुद्धमूर्ति स्थापना कार्यले सार्थक बनाउन टेवा मिल्नेछ । यस नविन सोच र कार्यलाई हामी सबै मिलेर स्वागत गर्नु पर्दछ ।

*भवतु सब्ब मंगलम् ।*
*सबैको कल्याण होस् ॥*

## अभिधर्म-पाठसहित धर्मदेशना

यही आउँदो २०७० आश्विन १५ गते मंगलवारदेखि २१ गते सोमबारसम्म बुद्धविहार भृकुटीमण्डप, काठमाडौंमा श्रद्धेय भन्तेहरूबाट सप्ताहव्यापी अभिधर्म-पाठसहित विशेष धर्मदेशनाको कार्यक्रम आयोजना हुनगइरहेको छ । जिज्ञासु एवं श्रद्धालुहरूलाई मैत्रीपूर्ण आमन्त्रण गरिएको छ ।

स्थान - बुद्धविहार भृकुटीमण्डप, काठमाडौं
अभिधर्म - पाठ र त्यस विषयसम्बन्धी विशेषधर्मदेशना
समय - दिउँसो ३ बजेदेखि ५ बजेसम्म
(आश्वीन १५ गते मंगलवारदेखि २१ गते सोमबारसम्म)
कार्यक्रमको अन्तमा चियापान
सम्पर्क : बुद्धविहार भृकुटीमण्डप
फोन : ४२२६७०२, ९८५१०४६१८८

## भित्रै खोजूं शान्ति

- हेराररत्न शाक्य, युवक बौद्ध मण्डल

**ऊ शान्ति खोज्न हिँडेछ**
**बाहिर अशान्ति मात्र भेट्छ**
**प्रिय लागे टाँसिन्छ**
**अप्रिय लागे टाढिन्छ**
**के मा पाउँछ शान्ति**
**प्रिय अप्रिय दुबैले**
**मन पारिदिन्छ भ्रान्ति,**
**खोला सधैं तल बग्दछ**
**रोकी फर्की हेर्दैन उसले**
**हामी पनि तलतिर बग्छौं**
**आफूलाई रोक्न खोज्दैनौं**
**होस गरी हेरियो भने**
**लगाम राख्न सकियो भने**
**अपायतिर बगेका मन**
**हामी उकालोमा फर्काउन**
**उपाय छ है साथी**
**शान्ति भित्रै छ है साथी**
**खोज्न मात्र जान्नु पर्छ**
**मिहेनत मात्र गर्नुपर्छ**
**असम्भव छैन साथी**
**कयौंले पाइसकेछ शान्ति**
**शान्ति भित्रै छ साथी**
**बाहिर पाउँदैन शान्ति ।**

## मानव धर्म



**- मैया पहरी,**
मैत्री केन्द्र बालआश्रम

जन्मनु नै दुःख हो भनी थाहा पाएँ
दुःखबाट पार पाउने आशा लिई आएँ
मन्दिर, मस्जिद, गुम्बा, चर्च घुमें सारा
तैपनि देखिँदैन मुक्ति पाउने पारा

सम्पत्तिको लालच शरीर ढाक्ने साधन
बन्दो रहेछ त्यहीं विलाशिताको बादल
उच्च विचार राख्ने मत्ति लिई आएँ
सादा जीवन महान् भनी थाहा पाएँ

दया र मैत्री हृदयको मोति
मानवताको गारेटोमा मानव नै ज्योति
मानव भई मानव हँसाउन नसके
बाँच्नु र मर्नुमा फरक नै छ के ?

अमूल्य छ जीवन सफल पारौं नर
छोटो छ जीवन मनन् पनि गर
तिमी हाँसे हाँक्नेछ संसारको रीति
तिमी नै हो धर्म तिमी नै कुरीति

# मार्गनिर्देशकको कमी

## पूर्व भिक्षुहरूको अनुभव

प्रस्तुती : अनिल महर्जन

१ भाद्र, ललितपुर । सानै उमेरदेखि भिक्षु वा अनागारिका बन्नेहरूलाई बालअधिकारको मर्मअनुरूप बालबालिकाहरूको सर्वोत्तम हितलाई केन्द्रविन्दूमा राखेर बाल मनोविज्ञानअनुरूप पढाउनुपर्ने भनी बौद्ध युवा कमिटी, ललितपुरले आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा सहभागी पूर्व भिक्षुहरूले सो कुरामा जोड दिएका हुन ।

११ वर्षसम्म भिक्षु भएर भर्खरै भिक्षुत्व त्याग गरेका शुभरत्न शाक्यले (श्रामणेर हुँदा नाम धर्मघोष) बाल्यकालदेखि भिक्षुहरूलाई बालमनोविज्ञानअनुरूप पठनपाठन गरेमा उनीहरूको सिकाई प्रभावकारी हुने बताउनुभयो ।

भिक्षु जीवनमा पढ्ने सिक्ने अवसर प्रशस्त भएको उल्लेख गर्दै शाक्यले बालबालिकाहरू खेल्ने, घुमफिर गर्ने चाहनालाई सम्बोधन गरी नेपालमा व्यावहारिक तरिकारले पठनपाठन हुनुपर्नेमा जोड दिनुभयो ।

बुद्धधर्मले जातिविभेद नमानेमा पनि बौद्ध समाजमा जातीय विभेद रहेको स्वीकार गर्दै बुद्धधर्मलाई सैद्धान्तिक रूपले मात्र नभई नेपाली समाजको परिवेशमा त्यसको स्वरूव कस्तो छ भनेर बुझ्ने जमातको कमीले गर्दा स्थरविरवाद बुद्धधर्मको अवस्था संकटग्रस्त हुँदैगएको शाक्यले बताउनुभयो ।

त्यसैगरी १५ वर्षभिक्षु भएर भिक्षुत्व त्याग गरेका सुगेन्द्र श्रेष्ठ (श्रामणेर हुँदा नाम पदुम) श्रीलंकाको भिक्षु जीवनसँग तुलना गर्दै नेपालमा भिक्षुहरूलाई पढाइने शिक्षण पद्धतिमा सुधार, क्षमता अभिवृद्धि, व्यक्तित्व विकासका कार्यक्रमहरू गर्नुपर्ने खाँचो औंल्याउनुभयो ।

मार्गनिर्देशनको कमी, गुरूशिष्य परम्पराको अभाव, परम्परागत शिक्षा प्रणाली, व्यावहारिक र विश्लेषणात्मक शिक्षा पद्धति नभएको, सामाजिक वातावरणसँग घुलमिल हुने कमी, लगायतका कारणले युवापुस्ताका भिक्षुहरूले नेपालमा बुद्धधर्मको विकास र विस्तारमा यथोचित कार्य गर्न नसकेको उहाँको धारणा रहेको छ ।

उनीहरूले श्रीलंका, बर्मा, थाईल्याण्डमा दसौं वर्ष पढेर आएका भिक्षुहरूले नेपाल परिवेशमा भिज्न धेरै समय लाग्ने, संस्थागत संरचनाको अभावले काम गर्न कठिन रहेको अनुभव सुनाएका थिए ।

सो अवसरमा कमिटीका अध्यक्ष सुनील महर्जन लामो समय भिक्षु भएर बटुलेका भिक्षु द्वयको अनुभव नेपालमा स्थविरवाद बुद्धधर्मस्वरूप र विकासको स्तर बुझ्न उपयोगी रहेको धारणा राख्नुभयो । उहाँले यस अनुभवले बुद्धधर्मको विकासको कस्तो सामाजिक, राजनीतिक र आर्थिक वातावरण चाहिन्छ भन्ने कुरा सिकाएको र यसलाई कार्यान्वयन गर्दै लग्नुपर्नेमा जोड दिनुभयो ।

कमिटीका निर्वतमान अध्यक्ष रविन्द्र शाक्यमा १६ वर्षअघि चीवर त्याग गरेका केही युवावर्गहरूको अग्रसरतामा कमिटी स्थापना भएको उल्लेख गर्दै पूर्व भिक्षुहरूले पनि बुद्धधर्मको विकासमा योगदान दिनसक्ने र तिनीहरूको ज्ञान र अनुभवबाट सिक्ने वातावरण निर्माण हुनुपर्ने बताउनुभयो ।

कमिटीका सहसचिव रश्मी शाक्यको संयोजकत्वमा भएको सो कार्यक्रमा सहभागीहरूले भिक्षु जीवनको आदर्श र व्यवहारबीचको दुरी, भिक्षु जीवनको चुनौती र अवसर, गृहस्थ जीवनमा फर्किएपछिको अवस्था, जीवनप्रति दृष्टिकोण, सिकाई हुर्काइका बारे जिज्ञासा राखेका थिए ।



# शासनज्योति : नेपा:मिं म्हस्युम्ह भिक्षु

✍ लाभरत्न तुलाधर

झीगु थ्व स्वनिगलय् थ:त बुद्धमार्गी धका: परिचय बिया: गर्व याइपिं मध्येय् प्रमुख समुदाय ख: उदाय्वर्ग । थ:त उदाय् धा:गुया आशय छु ख: धयागु हे म्हो जक मनूतय्सं सिउ जुइ । वस्तुत: बुद्धया धर्म उपासना वा अवलंवन याइपिन्त उपासक धाइगु जा आ:नं थूपिं दइतिनि । तर थ्व हे 'उपासक' शब्द ज्यला: वा अपभ्रंस जुया 'उदाय्' (उदास) जूगु थूपिं कम हे दइ ।



लिच्छवीकालय् शुद्ध बुद्धधर्म प्रचारप्रसार व अभ्यास यायेगु/याकीगु भिक्षुसंघया इतिहास दुसां मल्ल, शाह व राणाकालय् थ्व लोप हे जुइका छ्वत । अथे जूसां सच्चा धर्मया अन्वेषणय् थ:गु तनमन व धन पाइपिं शून्य हे थ्यंक मजू । हुकुमी राणाशासनया अन्धकारय् नं सद्धर्मया ज: जुइकेत उकुसमुकुस तायेकाच्वंपिं आपालं बुद्धानुयायी उदाय्वर्गय् दयाच्वन । तर संकल्प हे याना: पला: न्ह्याकूम्ह छम्ह ल्याय्म्ह भाजु खनेदयेक वल । वय्क: ख:- 'मिखाद्वँ' कव:या स्थापित कुलपुत्र माहिलाकाजी । कृष्णवीरया सुपुत्र ।

ल्याय्म्हचा वैशय् हे "जिज्ञासु स्वभाव दुम्ह।" अनेक थासय् अनेक तरहया त्यागी, ध्यानी व महात्मापिं नाप सत्संग याना जुल । तर थ:त चित्तय् ल्व:म्ह गुरू मलुयाच्वन । संसारया दु:ख व प्रपञ्च थुइका: छगू समय छें त्व:ता सन्यासी थें नं हिला जुल । थ्व हे दथुइ, उगु जमानाय् स्वनिग:या सारा बौद्ध समाजय् उच्च आदर्श ब्वया: बुद्धधर्म प्रचार यानां नां बय्बय् जूम्ह छम्ह महाप्रज्ञाया नां माहिलाकाजीं नं न्यनात:गु जुल । महाप्रज्ञां ल्हासावना: सयेकूगु ज्ञान दखलख हे प्रचार याये मलावं महितातय्गु चुकरि याना: छुं दँ न्ह्यों नेपालं पितिनाछ्व:पिं ५म्ह मध्येय् मूलम्ह थुम्ह महाप्रज्ञा धैगु आपा:सिनं न्यनात:गु ।

थुजोगु दिव्य छविया थुवा: महाप्रज्ञा नापलायेगु माहिलाकाजीया इच्छा १९८६ या सिलाच:ह्रे झा: पूवन । बाबाजीया भेषय् ४ दँ लिपा गुप्तरूपं नेपा: व:म्ह महाप्रज्ञा छावनीया 'लक्ष्मीनानी अजि' या छेँय् च्वंच्वंबले पंचकुमारी नांया मित्रं खबर छ्वसेंलि माहिलाकाजी थम्हं मनं तुनाम्ह महाप्रज्ञा ध्वदुकल । थनंलि निर्णय जूकथं- कर्मशील (प्रज्ञानन्द) भिक्षु, माहिला, लछिमि, चन्द्रमाया व पुण्यतारा जंमा न्याम्ह रक्सौलय् ध्वदुका:लि कुशिनगरय् गुरू चन्द्रमणि (महास्थविर) या थाय् प्यम्हसित प्रव्रजित जुल । माहिला > श्रामणेर शासनज्योति, लछिमि > धर्मपाली, चन्द्रमाया > संघपाली अले पुण्यतारा > संघपाली धका: नां छुनाबिल ।

छुं दिन लिपा, चन्द्रमणि गुरूया सत्प्रयासं महाप्रज्ञा लिसें श्रामणेर शासनज्योति निम्हेस्तं बर्माया राजधानी रंगून छ्वया बिल । अन बर्मी उपासकवर्गं बुद्धजन्मभूमिं व:पिं धका: भव्य नक्सां ध्वाखा, ध्वजा, पताका आदि छायेपा: त:जिक लसकुस यात । महाप्रज्ञाया धापू ब्वनेबले शासनज्योतिया स्वभाव गम्भीर, अल्पभाषी, एकान्तप्रिय अले गुरूया अनन्यभक्त शिष्य । उकिं बर्माय् ता ई

च्वंसां अनया भाय् सयेकेत थाकुल । नये-वनेगुली सरल, कर्मस्थान ध्यानभावना यायेत सदा तत्पर ।

थुखे महाप्रज्ञा विनयया पालनय् तचकं क्वातुम्ह । उकिं न्हापा ल्हासाय् लामा भिक्षु जूबले निसें हे आमिष ( मद्य-मांस) धैगु थि हे मथीम्ह । बर्माया भिक्षुपिं धाःसा निरामिष (शाकाहारी) मखुपिं । लिच्वः, अनया उपासक वर्गपिसं अतिकं प्रशंसा याइगु, भन्तेपिनि धाःसा "बौद्ध जुयाः न हिन्दू पण्डितथें मांसाहार मयाइपिं" धकाः असंतुष्ट जुयाः ज्वय्पिउगु मिखां स्वइगु । थुगु कारणं अन विहारयापिसं ल्वःगु भोजन नकेत असहयोग याइगु जुल । उकिं, बरू पिने भिक्षाटन वनाः उपलब्ध जूगुलिं सन्तोष याये धैगु निर्णय जुल ।

शासन ज्योतिं भिक्षु नियमया शील सदाचारया महत्त्व बारे महाप्रज्ञापाखें थुकथं शिक्षा ग्रहण यात-

"शासनज्योति, जि लामा धर्मय् च्वनाबले आमिष नया । मांसाहार यायेबले चित्त शुद्ध यानातये थाकु । जिं थम्हं हे अनुभव यानागुकथं आमिष सेवन यानाया पेंगु दोष खनेधुन । १. तृष्णा बढे जुइगु, २. प्राणिपिन्त करूणा मदइगु, ३. क्रोध वृद्धि जुइगु, ४. उत्तेजना जुइगु । उकिं धार्मिकपिसं आमिष भोजन असेवनीय ।"

विहारय् आमिष भ्याःगु नयेम्वयेकेत भिक्षाचार शुरू जुल । छम्ह उपासकं पिण्डपात्र कया तलय् यंकाः आसनय् फेतुकल । अन उत्तमकथं जलपान याकल । कन्हेखुनु नं भिक्षा वन । छेँखापतिकं आर्शिवाद यायां वनाच्वन । उम्ह उपासकया छेँ खनेदयेव पलाः ततःपलाः जुल । छेँखापतिं आशिर्वाद याये लोमन । उपासकं थत ब्वना यंकाः जलपान याकल । थुकथं फिन्हुति बिनावसेंलि छन्हु गुरू महाप्रज्ञां शिष्य शासनज्योतियात धाल- "आयुष्मान, भीत मखुथे जुल, आः गथे याये !"

"छु जुल, भन्ते ?"

"भिक्षा वनाबले जलपान याकूगुलिं भीगु चित्त स्यन । बहनी नं वहे कल्पना जुइगु । भिक्षा वनेबले नं उगु हें खनेदतकि पलाः तःपला जुइगु । छं गथे जू ? जिगुः चित्त जा स्यन ।"

"खः भन्ते जितः नं अथे हे जू ।" शासन ज्योतिं लिसः हन ।

"अथे जूगु ज्यू ला कि मज्यू ?"

"ज्यूगु व मज्यूगु भन्ते नं आज्ञा जुइमाः । जिमिसं जा छु स्यू !"

"भिक्षाटन वनबले छुं भावना याना वनेमाःगुली, मेगु हे तृष्णां सालायंकल धाःसा यायेमाःगु भावनाय् एकचित्त जुइ फइला ?"

"फइमखु, भन्ते" शासनज्योतिया लिसः । अले जिं धया-

"भीगु चित्त तृष्णाया वशय् लानाच्वन धाःसा- न भीपिं तरे जुइगु लँय् लाइ, न दातापिन्त हे पुण्य लाइ । अथे जूगुलिं तृष्णा बःलाइगु पथं त्याग, यानाः आर्य मार्गय् वनेनु ।" कन्हसं निसें गृहस्थपिनिगुं छेँय् दुहाँ मवनेगु नियम नालेनु ।"

"हवस् भन्ते"

थकथं सर्खुनुनिसें उपासकवर्गपिनि छेँखाय् दुहाँ मवँसे लुखाया न्ह्योने हे जक दनाच्वनेगु अभ्यास न्ह्याकल ।

बर्माया म्यो हाउँ जङ्गलय् शासनज्योति ता ई भाविता (ध्यान) अभ्यास यात । थनंलि गुरूया उजंकथं 'चैत्वेम्यो' धाःगु न्हापां च्वंगु शहरय् लिहाँवल । थ्वया बे छुं न्ह्यो महाप्रज्ञां शिष्ययागु इच्छाकथं वयात जङ्गलय् हे त्वःता थः छम्ह नांगातय्गु देशय् वयाः इमित ध्वाथुइक बुद्ध-शिक्षा कन । अनयागु विहारया तःधंम्ह गुरूयात थःगु शील, ध्यान व प्रज्ञाद्वारा प्रभावित यानाःलि बंगलादेशया चटगाउँ (चैत्यग्राम) पाखे चारिका यायां थ्यन । नापं श्रीलंकाया मेत्तेय्य व शासनज्योति दु । जहाज यात्राजोछि व अनगांया विहार थ्यंकाः नं थःगुरूलिसे उलिं खँल्हाबल्हा मयाःगुलिं वयागु नुगः अफ नं बर्माया म्योहाउँ अरण्यय् हे भ्रमण याःगु तायेकल गुरूं । थुकिया दथुइ छन्हु शासनज्योतिं गुरूयाके आत्मसमर्पण यात- "भन्ते, आचरियस्स सन्तिके इमं अत्तभावं परि जाचांमि !!!' अर्थात्- 'जिं गुरूया न्ह्योने थः धयागु आत्मभाव परित्याग याये ।'

शासनज्योतियात जंङ्गलय तोतावःगुलिं कुशिनगरयाम्ह चन्द्रमणि गुरूं महाप्रज्ञायात न्वात- "विद्या ब्वंके मानिपिन्त जङ्गलय् तयाः सुम्क मिखा तिसिका जक तये मज्यू ।" गुरूं हे पौ च्वसेंलि छधू वनाः हाजिर जुल, तर विद्या अध्ययन यायेगु गुरूया उजं मताःछू यानाः हाकनं जङ्गलय् हे वन । म्योहाउँ वनय् ताकाल तक 'समथ भावना' यायां शासनज्योतियात ऋद्धि प्राप्त जूगु प्रमाण स्वय महाप्रज्ञां अनुभव यात । ---

यात्राया इवलय् औलंग्रस्त जुसेंलि महाप्रज्ञा भिक्षु चटगामं कलकत्ता जुकाः कालिम्पोङ्स लिथ्यंकाः उपचार यायेगु निर्णय यात ।

थ्व वि.सं. १९९१ (सन् १९३४) सालय घटना ...

*(पूवंगु खँ सीकेनिम्ति 'महाप्रज्ञया आत्मकथा' स्वयेत लंच्वनादिसँ-च्वमि)*

# हे मन !

राज शाक्य, ल.पु.

हे चञ्चल मन
थाय् बाय् मदुम्ह थें
शान्त स्थिरं च्वनी मखुम्ह
बियातयागु खः छन्त ज्या
न्हासप्लाय् च्वनाः
खूब होश तया सतर्क जुयाः
श्वास दुहाँ-पिहाँ जुइगु स्वयेगु
तर छ पलख हे स्थिर मच्वंसे
जुइगु उखें थुखें
चुलमुली ब्याँचा थें ।
हे बेहोशी मन
छन्त सालाः न्हासप्वालय् गुलि तये हयेगु
तर छं
स्वतन्त्र जन्मसिद्ध अधिकार धाःथें
ब्वयाः जुइगु कल्पना संसारय्
कि मस्त जुइगु भूतकाल स्वप्न
लक्ष्य विहिन विचारण यानाः
राग द्वेष मोह घये पुनाः
जीवन अधोगती लाकेगु
स्वतन्त्रताया अर्थ मखु ।

हे अस्थिर मन
छन्त जिं वशय् तयाः
जि या जिगु जीवन
अधोगति मार्गय् लाकाः
जाति जरा ब्याधि जन्म मरणया
गति चक्र अवरोध यानाः
दुःखमय भवसागरं पार जुयते
छन्त एकान्त एकासनय्
क्वातुक्क चिनाः अचल यायेत
निलाच्वना जिं विपश्यना-खिपः ।
हे जिद्दि मन
धयागु खं मन्यनीम्ह
छ वायु समान अस्थिर जुइम्ह
जिं छन्त स्थिर तयेत च्वाम्ह
तर्क वितर्कय् छ न्ह्याइपुकिम्ह
वाणी-मौन थें मन-मौन
छन्त तयेत जि सन्हाम्हं
थ्व छंगु व जिगु मनोद्वन्द्व संघर्षय्
सफलता शिरपाः स्वइत दइगु
दुबिनाच्वंगु दु भविष्यया गर्भय् ॥


बुद्धको जन्मभूमि राष्ट्र नेपालमा सुख-शान्ति फैलिरहोस् ।
सम्पूर्ण नेपालीहरुमा धार्मिक चेतना विकास होस् ।

मिलन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
ह्वनाछेँ, पाको, न्यूरोड, काठमाडौं ।
फोनः ४२३१०३६, ४२२२०६५, फ्याक्स : ४२१६१६७



# Quest for the Beyond

✍ Dr. Ganesh Mali

**Is there a life beyond what we experience as life here an earth?**

**Three different, seemingly contradictory, hypothetical ways of living have been devised:-**

**a) To change the world, change it so that we can live calmly and peacefully.**

**b) Change yourself, so that we can live calmly and peacefully amidst a turbulent suffering life.**

**c) A combination of both a) and b) that is change ourselves and change the world too.**

Wonderful is this human brain and mind, marvellous is this human brain and mind, equipped with highly efficient sense organs, and the largest brain among living beings, one of the latest invention of mother nature, which perhaps, no scientist on earth can ever hope to rival or to excel.

One of the uncommon wondrous adventures of this human mind, rare among other living beings are the quest for the unknown and beyond. Humans are not satisfied with what they already possess, they want to have more and the most and go even beyond. It is a simple psychic trick played by the mind. From the poor, we humans want to be rich, then to be richer and then to be the richest in the world, and so on for every thing else. Human mind is made to marvel at the highest, tallest, strongest, wisest etc, and further beyond.

**A few examples are given here.**

**a)** We, humans, are not satisfied with life as known to us. It is full of suffering. Siddhartha, too, found it so. He had all the pleasures of life of his times. But he was not satisfied, because it was full of suffering. There was the endless cycle of birth-growth and old age, diseases, death, separation from near and dear ones, unfulfilment of desires, worries, tensions, etc.

Finally, Siddhartha discovered the truth about suffering. He discovered the four noble truths and the eight-fold path leading to a life without suffering. He discovered a life beyond suffering - nirvanahood. He became the Buddha.

**b)** At one time in history, people in most parts of the world lived miserably compared to the descendants of the kings and emperors, the nobles and their henchmen who owned vast stretches of land. The poor people in general owned nothings except their labour. Later, after industrial revolution the rich people invested their money in factories to produce goods and make more money. They employed the poor people as workers. They employed the poor to work as peasants in their farms. The poor people, peasants and workers lived very miserably. They could not find a way out of their miserable lot.

Then came Karl Marx, a German genius and philosopher, who studied the situation very minutely, saw through the roots of miseries and discovered a way out. He founded communism- the dictum of which was; “From everyone according to his/her ability to everyone according to his/her need.” Some people in the world are at present experimenting on Marx’s ideas.

**c)** We are not satisfied with our living at present. We want best living on earth here and now. We want to live like people do in New York, Moscow, Tokyo, Beijing, etc.

In ancient world there was a saying- “Rome is not built in a day.” In the modern world

we can substitute Moscow or Tokyo for Rome. We should take lessons from others about what we think as best living, and then build on our own.

**d) Best life beyond:**

We, humans, have always preferred a restful and peaceful living in the world compared to hectic restless turbulent living.

By our very nature, we become attached to so many things in life. Because we need so many things to stay calm, peaceful and happy in a world which, in reality is transient, and ego-less in nature. We desire to have nice family, dutiful family members devoted and faithful to oneself, enough wealth to keep the family and other things in life run smoothly, nice kind and considerate neighbours, -we desire so many things, that can make us restful and peaceful.

But so many things in the world turn out to be otherwise. They have their own ways, so to say. We, who desire so many things to happen in life, find that in reality, things turn out to be different. Moreover there is the usual inevitable course of Mother Nature for all living beings- old age, diseases and informities, death and decay. Old age takes away the charms of life and death takes away everything, family wealth and all.

Consequently thinkers and philosophers have devised or rather thought of a marvelous way of living beyond such a hellish type of life-life that begins with so many desires and ends with so many suffering- They thought of living without lust (desires), anger, and greed, living a life without delusion of self, living a life with perfect equanimity, perfectly non-attached to anything in this transitory and ego-less world. Live desirelessly.

This strikes at the very root of a calm and peaceful life which we all cherish to live. A good life becomes self contradictory. That is exactly the reason why mystics, have always aspired for a life beyond.

But the big question is- Is there a life beyond what we experience as life here an earth?

Three different, seemingly contradictory, hypothetical ways of living have been devised:-

a) To change the world, change it so that we can live calmly and peacefully.

b) Change yourself, so that we can live calmly and peacefully amidst a turbulent suffering life.

c) A combination of both a) and b) that is change ourselves and change the world too.

In the hope of finding out best living in the world and beyond, there are many cases in which people have fallen victim to mysterious traditional beliefs, and concepts about the best life herein and hereafter.

Most of such concepts and beliefs prevalent and popular with some sections of population even these days have been derived from some age-old beliefs and notions that were formed more than a thousand years ago, mostly associated with the old religious beliefs and related stories written by those venerable persons of these days. Those were in times when human beings had actually little or no knowledge at all about the nature of universe, earth, life and death, reproductive, process, diseases, environmental changes, etc. Some such blind beliefs and false views, were usually connected with mysterious imaginative beings- gods, demons, good and evil spirits, etc and stories related to such imaginary beings became very popular then as even now for some people. Needles to say, belief in some stories concerning these magical personalities were often harmful for human health and moral are social livings.

Within the last millennium human beings have made great advancement not only in science and technology but also in almost all branches of human knowledge.

Traditions die hard, as we have often experienced, but as we have seen in other progressive countries and even our own. They do change according to times and cercumstances. So, perhaps it is now high time for us to review and revise our age-old notions and beliefs not only concerning mystical concepts of life beyond, but also those that are in use in our everyday life. Thanks to recent advancements in science and technology, the whole world in now in our "finger tips", and we have now got opportune moment, to review and revitalise ourselves, in keeping with changing times and circumstances. So, let us move on.

# Solo Paining Exhibition entitled "FACES of BUDDHA" Inaugurated

17th August 2013, Kathmandu. Making her 7th solo painting exhibition, Artist Sandhya Regmi has presented a total of 36 paintings on Buddha Portrait (including 2 large group monks' paintings) in Nepal art Council Babarmahal, Kathmandu.The exhibition was inaugurated by Chairman of the Council of Ministers Rt. Hon. Khil Raj Regmi and chaired by the Chancellor of the Nepal Fine Art Academy (NAFA) senior artist Mr. Kiran Manandhar. The chief of Buddha Vihara, Member of Greater Lumbini Development National Steering Committee and Executive Member of Lumbini Development Trust Bhikshu Kondanya was a very special guest of the ceremony. Other distinguished guests were Venerables Udaya Bhadra, Ven. artist Uttam, Ven. Dipankar, Chairman of Nepal Art Council Dr. Satya Mohan Joshi, Vice-Chancellor of NAFA Thakur Prasad Mainali, HOD of Central Department of Buddhism studies of TU Prof. Dr. Milan Ratna Shakya, Academicians of NAFA, senior artists, art critics, etc.

The paintings at the exhibition were based on 2 themes: 'FACES OF BUDDHA' and 'REINCARNATION OF BUDDHA'. Rt. Hon. Khil Raj Regmi inaugurated the Buddha Portrait 'INNER PEACE' "शान्ति अन्तःकरणको" by touching with hands. Very Special Guest, General Secretary of All Nepal Bhikshu Association, Bhikshu Kondanya inaugurated the portrait entitled 'THE GRAND AWAKENING' (अन्तःकरण) and Chairman Kiran Manandhar touched the group monks painting 'PEACE MARCH' (यात्रा शान्तिको).

There are a total of 36 paintings under the theme 'Faces of Buddha' where every painting portrays the image of Gautama Buddha. There are varieties of faces in different parts of the world. Artists form all around the globe have made diverse faces of Buddha. Encountering such diverse faces of Buddha during the visit in countries like Vietnam, Singapore, Japan, Thailand, Malaysia and Cambodia among others, artist Sandhya Regmi has come up with these diverse faces of Buddha in her paintings.

With the other theme 'Reincarnation of Buddha' artist Sandhya has tried to depict the elements of Buddha's existence in ordinary people and that every individual is capable of attaining enlightenment, and therefore every human is a hidden Buddha. Through the paintings of monks marching and Nepali flags in their side, Sandhya has tried to highlight that Buddha was born in Nepal and Buddha is the pride of Nepal.

***Presented by Adwitiya Shivakoti***



# बौद्ध गतिविधि

## २३ औं अमृतानन्द गुणानुस्मरण दिवस

५ भाद्र, स्वयम्भू । नेपालको स्थविरवाद बुद्धधर्म पुनर्जागरण कालका एक आधारस्तम्भका रूपमा रहेका



ऐतिहासिक एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त व्यक्तित्व दिवंगत आचार्य महानायक डा. भिक्षु अमृतानन्द महास्थविरको २३ औँ गुणानुस्मरण दिवस संघनायक भिक्षु अश्वघोष महास्थविरको समुपस्थितिमा आनन्दकुटी विहारमा मनाइयो । सो समारोहका सहभागी वक्ताहरूले धर्मका माध्यमबाट राणाविरोधी आन्दोलन, सामाजिक, शैक्षिक, साहित्यिक एवं अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढ बनाउन भिक्षु अमृतानन्दले पुऱ्याउनुभएको योगदानको चर्चा गरेका थिए ।

नेपालका लागि श्रीलंकाका राजदूत W.M. Senevirathne, अखिल नेपाल भिक्षु महासंघका महासचिव एवं वृहत्तर लुम्बिनी विकास राष्ट्रिय निर्देशक समितिका सदस्य भिक्षु कोण्डन्य, धर्मोदय सभाका महासचिव रत्नमान शाक्य, बौद्ध महिला संघ नेपालका अध्यक्ष डा. केशरीलक्ष्मी मानन्धर, काठमाडौं वौद्ध विश्वविद्यालयका रजिष्ट्रार डा. भद्रमान तुलाधरले भिक्षु अमृतानन्दको बुद्धशासनिक बहुआयामिक व्यक्तित्व, कृतित्व एवं समग्र जीवनीको चर्चा गर्दै नेपाली बौद्धहरूले नीतिगत रूपमा प्रभाव पार्ने गरी काम गर्न नसकिरहेको अवस्थामा निडर एवं साहसी भिक्षु अमृतानन्द सबैका लागि प्रेरणाका श्रोत व्यक्तित्व भएको धारणा राख्नुभयो ।

दिवंगत अमृतानन्द महास्थविरका अधुरा कार्यलाई साकार पार्न सबै लाग्नुपर्छ भनी मन्तव्य व्यक्त गर्नुहुने आनन्दकुटी विहारका प्रमुख एवं अन्तर्राष्ट्रिय बौद्ध समाज, लुम्बिनीका अध्यक्ष भिक्षु मैत्री महास्थविरको सभापतित्वमा सम्पन्न सो समारोहमा आनन्दकुटी विहारका उपाध्यक्ष प्रा. सुवर्ण शाक्यले स्वागत मन्तव्य दिनुभयो । अखिल नेपाल भिक्षु महासंघका कार्यकारिणी सदस्य भिक्षु पियदस्सीले कार्यक्रम सञ्चालन गर्नुभयो । समारोहमा दिवंगत भिक्षु अमृतानन्दको प्रतिमामा पुष्पार्पण, परित्राण पाठ, पुण्यानुमोदन, संघदान एवं उपस्थित भिक्षु, अनागारिकाहरू लगायत सम्पूर्ण श्रद्धालु महानुभावहरूलाई भोजनको व्यवस्था गरियो ।

यसरी नै श्रीघः ज्ञानमाला भजनले पनि अमृतानन्द गुणानुस्मरण मनाएको छ ।

### आनन्दकुटी विहार, स्वयम्भू

स्वयम्भू, काठमाण्डौं, फोन नं. ४-२७१४२०

### भाद्र-पूर्णिमा (गुंपुन्हि) को कार्यक्रम

**२०७० भाद्र ५ गते बुधबार**

| | | |
|---|---|---|
| ६ : ३० - ७ : १५ सम्म | सामूहिक ध्यान | भिक्षु अस्सजी |
| ७ : १५ - ८ : ०० सम्म | चंक्रमण | भिक्षु अस्सजी |
| ८ : ०० - ९ : ०० सम्म | जलपान र ज्ञानमाला भजन | स्वयम्भू ज्ञानमाला भजन |
| ९ : ०० - ९ : १५ सम्म | शीलप्रदान र बुद्धपूजा | संघनायक भिक्षु अश्वघोष महास्थविर |
| ९: १५ - ११ : ०० सम्म | २३ औं अमृतानन्द गुणानुस्मरण दिवस | |
| ११ : ०० - | पुण्यानुमोदन | भिक्षु मैत्री महास्थविर |
| ११ : ०० - ११ : ३० सम्म | भन्ते गुरुमाँहरूलाई भोजन | दिवंगत अमृतानन्द भन्तेको स्मृतिमा |
| १२ : ०० देखि | उपासकोपासिकाहरूलाई भोजन | |

जलपान र भोजन दाताः- **आनन्द कुटी विहार परिवार, स्वयम्भू**

संयोजक : भिक्षु महानाम, आनन्दकुटी विहार, स्वयम्भू, फोन नं. ९८०१०२०३७८

## श्रीलंकाली महास्थविरबाट धर्म-प्रवचन




१० श्रावण, तानसेन । ज्ञानमाला संघ, आनन्द विहारको आयोजनामा लुम्बिनीस्थित श्रीलंका विहारका प्रमुख भिक्षु काराकोले पियदस्सी महास्थविरबाट विशेष धर्म-प्रवचन सम्पन्न भयो । थेरवादी बुद्धधर्मको अध्ययन अवलोकन गर्न नेपाल आउनुभएका श्रीलंकाका भिक्षु, उच्चपदस्थ प्राध्यापक एवं श्रीलंकाका राष्ट्रिय सञ्चारकर्मीहरूको टोलीलाई विहारका अध्यक्ष रत्नमान वज्राचार्यले स्वागत गर्नुभयो । तानसेनको सेन इतिहासदेखि वर्तमान बुद्धधर्मको स्थिति एवं त्यहाँ अवस्थित विहार तथा पर्यटकीय क्षेत्रलगायतका बारेमा संघका सल्लाहकार छत्रराज शाक्यले जानकारी गराउनुभयो भने श्रीलंकाका प्राफेसर डिसानायक हियरथले श्रीलंकामा बुद्धधर्मसम्बन्धी भइरहेको गतिविधि बारे मन्तव्य दिनुभयो । नेपालीमा अनुवादक भिक्षु सागरधम्मले श्रीलंकामा अर्न्तराष्ट्रिय प्रवचन कार्यक्रमका लागि अंग्रेजीमा धर्मदेशना गर्नुभयो । महासचिव सरोजलाल शाक्यबाट सञ्चालित सो कार्यक्रममा अतिथिहरूलाई धर्म-उपहार प्रदान गरिएको संघका सदस्य सुरेशमान बुद्धाचार्यबाट जानकारी प्राप्त भएको छ ।

## मंगल-सूत्र तथा धम्मपद वाचन

२६ श्रावण, तानसेन । अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षा स्थापनाको ५० वर्ष पुगेको स्वर्णमहोत्सवको उपलक्ष्यमा आनन्द विहार परियत्ति केन्द्रको आयोजनामा मङ्गल-सूत्र तथा धम्मपद वाचन कार्यक्रम सम्पन्न भयो । प्रमुख अतिथि भिक्षु अशोक स्थविर तथा सुश्री सुमना शाक्यले निर्णायकको भूमिका निर्वाह गर्नुभयो । मङ्गल-सूत्र वाचनमा अञ्जु शाक्य प्रथम, रनमाया शाक्य दुतीय तथा विश्वमान वज्राचार्य र प्रविता शाक्यले तृतीयस्थान हासिल गर्न सफल भए । यसरी नै धम्मपद गाथा वाचनमा अनुराधा वज्राचार्य (ख) प्रथम, अनुराधा वज्राचार्य (क) दुतीय, शोभा शाक्यले तृतियस्थान हासिल गर्न सफल भएका छन् । परियत्ति केन्द्रका केन्द्राध्यक्ष देवेन्द्रमान शाक्यको सभापतित्वमा सम्पन्न सो कार्यक्रम संयोजक सुश्री अर्चना शाक्यले संचालन गर्नुभयो ।

## सुत्तनिपात नेपालीमा




१ भाद्र, काठमाडौं । नेपालका संघनायक भिक्षु अश्वघोष महास्थविरले एक समारोहबीच त्रिपिटकको सूत्रपिटअन्तर्गत नेपालीमा अनुवादसहित सुत्तनिपात ग्रन्थ विमोचन गर्नुभयो । कविरकुमार वज्राचार्यद्वारा अनुदित ३६० पृष्ठमा प्रकाशित सो ग्रन्थमा पालिभाषाका सम्पूण सूत्रहरू समावेश गरिएको छ । प्रा. सुवर्ण शाक्यद्वारा सम्पादित सो ग्रन्थ त्रिपिटक ज्ञान कक्षा, खुसिबुँ, काठमाडौंद्वारा प्रकाशन गरिएको हो भने पुस्तकको मूल्य २००।– उल्लेख गरिएको छ । स्मरणीय छ, अनुवादक कविरकुमार वज्राचार्यले यसभन्दा अघि खुद्दकपाठपालि, चरियापिटकपालि नेपालीमा अनुवाद गर्नुभएको हो ।

## करूणाको वार्षिकोत्स ः अमृतानन्द दिवस

५ भाद्र, तानसेन । करूणा बौद्ध संघ बुद्धविहार होलाङ्दीको १७ औं वार्षिकोत्सव र २३ औं भिक्षु अमृतानन्द स्मृति दिवसमा प्रमुख अतिथि भिक्षु अशोक स्थविर तथा संघका अध्यक्ष एवं कार्यक्रमका सभापति छत्रराज शाक्यले नेपालको थेरवाद बुद्धशासन पुनर्स्थापनामा दिवंगत आचार्य भिक्षु अमृतानन्द महास्थविरको आयामिक योगदान बारे चर्चा गर्नुभयो । साथै शाक्यले आनन्दकुटी विहारबाट अमृतानन्द भन्तेले प्रयोग गर्नुभएका विभिन्न सामग्रीहरू ल्याएर बुद्धविहारमा भिक्षु अमृतानन्द स्मृति संग्रह स्थापना गरेको र सबैलाई सहयोग गर्न आग्रह गर्नुभयो । विविध धार्मिक कार्यक्रमसहित सम्पन्न सो कार्यक्रममा सचिव मदनलाल वज्राचार्यले वार्षिक प्रतिवेदन, कोषाध्यक्ष वीरेन्द्रकाजी शाक्यले आयव्यय प्रतिवेदन, का.का.सदस्य देवप्रसाद वज्राचार्यले विभिन्न छात्रवृत्तिहरू करूणा बौद्ध छात्रवृत्ति समितिबाट विद्यार्थीहरूलाई वितरण गरिने प्रतिवेदन प्रस्तुत गर्नुभयो । सो समारोहमा भिक्षु अमृतानन्द स्मृति छात्रवृत्ति ११ जना, भिक्षु कुमार काश्यप स्मृति छात्रवृत्ति ६ जना, अ. मुदिता स्मृति छात्रवृत्ति १० जना, अग्गमहमपण्डित भिक्षु ज्ञानपूर्णिक महास्थविरले स्थापना गर्नुभएको अ. शरणशिला छात्रवृत्ति हाललाई ३ जना, करूणा बौद्ध छात्रवृत्ति ३ जना अपाङ्गलाई गरी १२ वटा विद्यालयाका ३३ जना विद्यार्थीहरूलाई

जम्मा रू. १८,३००।– रकम वितरण गरिएको थियो । अतिथि भिक्षु कोविद, ज्ञानमाला सभाका अध्यक्ष चकोरमान शाक्य, ज्ञानमाला संघका अध्यक्ष रत्नमान वज्राचार्य र पत्रकार सेनानी मेघराज शर्माले शुभकामना मन्तव्य व्यक्त गरेका थिए भने स्वागत भाषण सहसचिव संजय राज शाक्य र कार्यक्रम संचालन मदनलाल वज्राचार्यबाट भएको सुश्री अर्चना शाक्यबाट जानकारी प्राप्त भएको छ ।

## भिक्षु धर्ममूर्ति महास्थविर कोरियामा



९ भाद्र, काठमाडौं । आनन्दकुटी विहार, स्वयम्भूका कार्यवाहक प्रमुख एवं मैत्री केन्द्र बाल आश्रमका अध्यक्ष भिक्षु धर्ममूर्ति महास्थविर भाद्र ४ देखि ८ गतेसम्म विश्वबौद्ध समुदायको प्रतिनिधित्व गर्नुहुँदै दक्षिण कोरियाको राजधानी सियोलमा सम्पन्न ४७ देशका करिब ३०० जना अन्तर्राष्ट्रिय समुदायको सहभागिता रहेको International Leadership Conference मा सहभागी हुनुभयो । विभिन्न धर्मका धर्मगुरूहरूले शान्ति–पाठसहित सम्मेलनको समुद्घाटन गर्नुभएको थियो । विश्वमा शान्ति कसरी कायम गराउन सकिन्छ भन्ने विषयमा बृहत छलफल भएको सो सम्मेलनमा नेपालको शान्ति स्थापना बारे पूर्व मन्त्री एकनाथ ढकालले सभामा सम्बोधन गर्नुभएको थियो । अखिल नेपाल भिक्षु महासंघका समेत उपाध्यक्ष एवं आनन्द भूमिका सल्लाहकार भिक्षु धर्ममूर्ति महास्थविर कार्यक्रममा सहभागी हुनुभई ९ गते नै काठमाडौं फर्कनुभएको भिक्षु सरणंकरबाट जानकारी प्राप्त भएको छ ।

## जुजुभाई शाक्यको निधन



१७ भाद्र, काठमाडौं । धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलःका संस्थापक उपाध्यक्ष जुजुभाई शाक्य ६५ वर्षको उमेरमा निधन हुनुभयो । हःखा भजन संघका ललितपुरका अध्यक्ष तथा प्रव्रजित दीप निर्माण समितिका कार्यकारिणी सदस्य दिवंगत शाक्य विभिन्न भजन समूह, बौद्ध संघसंस्था एवं सामाजिक संस्थासित आबद्ध हुनुहुन्थ्यो । हाल ठमेल निवासी शाक्यको अन्तिम संस्कार शंखमूलमा गरिएको थियो ।

## ध्यान केन्द्रलाई जग्गा दान

२२ भाद्र, काठमाडौं । ललितपुर, नकबहीका धर्मनरसिंह तथा चन्द्रदेवी शाक्य परिवारलाई धर्मचित्त उत्पन्न भई चतुर्दिशाबाट आगत अनागत भिक्षुसंघलाई उद्देश्य राखी सतिपट्ठान विपश्यना ध्यान तथा मार्गज्ञानका लागि अग्रसर भइरहेको अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, बुद्धनगर, शंखमूल विहारलाई जग्गा दान गर्नुभएको सुखद् अवसरमा विश्वशान्तिको कामना गरी भिक्षु महासंघद्वारा दिनभर महापरित्राण पाठ सम्पन्न भएको छ । शंखमूल विहार प्रवेशसँगै दायाँपट्टी भण्डै एकरोपनी जग्गा प्रदान गरिएको छ ।

## बुद्धशिक्षाबारे बौद्ध महिलाको प्रशिक्षण

२३ भाद्र, काठमाडौं । बौद्ध महिला संघ नेपालको आयोजनामा बुद्धविहार भृकुटीमण्डपमा तीनदिने बुद्धशिक्षासम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । बुद्धजीवनी, गृहविनय, चतुर आर्यसत्य, प्रतीत्यसमुत्पादलगायत विषयवस्तुसम्बन्धी भिक्षु संघरक्षित, भिक्षु पञ्ञारतन, अनागारिका वीर्यवती, अनागारिका पुण्यवती, नानीमैयाँ मानन्धर, मदनरत्न मानन्धर, प्राज्ञ रीना तुलाधर, सविता धाख्वालगायतले प्रशिक्षण दिनुभएको थियो । ३८ सालमा स्थापित बौद्ध महिला संघले धार्मिक, सामाजिकलगायत रचनात्मक गतिविधि संचालन गर्दैआइरहेको मध्ये डा. केशरीलक्ष्मी मानन्धरको अध्यक्षता प्रथमवार संघसम्बद्ध सदस्यहरूलाई नै लक्षित गरी बुद्धशिक्षासम्बन्धी तीनदिने प्रशिक्षण कक्षा संचालन गरिएको हो । प्रशिक्षार्थीहरू लाभान्वित भएको सो प्रशिक्षणलाई निरन्तरता दिनुपर्ने, परिमार्जित एवं परिष्क्रित रूपमा प्रभावशाली ढङ्गबाट अगाडि बढाउँदैलान सहभागीहरूले सुझाव दिनुभएको जानकारी प्राप्त भएको छ ।

## तःजः मिसा पुचःको धार्मिक कार्यक्रम

२२ भाद्र, ललितपुर । वर्षावास एवं गुँलाको उपलक्षमा तःजः मिसा पुचःले धपगाल परिसरमा धार्मिक कार्यक्रमको आयोजना गरेको छ । भिक्षु कोण्डन्यले व्यावहारिक सुखशान्तिलगायत बुद्धद्वारा देशित सांगठनिक महत्त्वका बारेमा विशेष धर्म–प्रवचन गर्नुभयो । मिसा पुचःका अध्यक्ष शर्वाणा वज्राचार्य तथा उपाध्यक्ष बबी वज्राचार्यले साधुवाद ज्ञापन गर्नुएको सो धार्मिक सभा ुसचप बिना शाक्यले संचालन गर्नुभयो । अनागारिका अनुपमालगायत उपस्थित सबैलाई दान–प्रदानपछि पुण्यानुमोदन गरियो ।

नेपाल भाषा

## धर्मभाणकपिनिपाखें धर्मदेशना

९ भाद्र, यल । लोटस रिसर्च सेन्टर, वज्राचार्य पूजाविधि अध्ययन समिति व रक्षेश्वर महाविहार पुच्वबहीया युवासमितिया मंकाः ग्वसालय् पुच्व बहीलाछी खुम्ह धर्मभाणकपिसं श्रद्धा, क्षान्ति, अवदान, वीर्य, ङन्दु, बसुन्धरा व बोधिचित्तया बारे धर्मदेशना जूगु हेरारत्न शाक्यपाखें बुखँ प्राप्त जुल ।

## स्वक्व:गु ज्ञानमाला निरीक्षण भ्रमण

१५ भाद्र, कीर्तिपुर । वंगु सनिवाः स्वक्व:गु ज्ञानमाला निरीक्षण भ्रमण निरन्तरता बिइकथं त्रिरत्नकीर्ति विहार समग्र ज्ञानमाला भजन खलः गुतपौ त्वा:लय् त:जिक क्वचाल । नेपाल राष्ट्रिय ज्ञानमाला संघया नायः भाजु प्रा. सुवर्ण शाक्यजुया नाय:सुइ न्ह्या:गु ज्याइवलय् समग्र ज्ञानमालाया जः मयजुपिसं स्वपू भजन न्यंकूगु खः । समितिया नायः भाजु प्रा. सुवर्ण शाक्य व ने.रा.ज्ञा.स.या मध्यमाञ्चल उपाध्यक्ष, समग्र ज्ञानमालाया नायः त्रिरत्नकीर्ति विहारया नायः जुलुम शाक्यजुं निरिक्षण भ्रमणया ताः (उद्देश्य), युवा पुस्तायात गुकथं क:घायेगु व आतकया भ्रमण उपलब्धी बारे कना बिज्यात । प्यक्व:गु ज्ञानमाला निरीक्षण भ्रमण भोजपुर ज्ञानमाला भजन खलः, इमाडोल यलय् यँलां ज्वीगु क्वः जिउगु दु ।

## श्रीवच्छ परियत्ति न्ह्यात

१५ भाद्र, यल । श्रीवच्छमहाविहार श्रीबाहालय् च्वंगु श्रीवच्छमिसा खल:या ग्वसालय् भिक्षु पञ्आसारं श्रीवच्छपरियत्ति शिक्षा केन्द्रया उलेज्या यानाबिज्यात । वसपोलं शील प्रार्थना याकेधुंका परियत्ति शिक्षाया महत्व बारे कनाबिज्यात । ३५ म्ह मिसापिं विद्यार्थीपिन्त प्रशिक्षक गुरु बोधिरत्न शाक्यपाखें हप्ताय् छन्हु शनिवारीय कक्षा संचालन जुयाच्वंगु हेरारत्न शाक्यपाखें बुखँ प्राप्त जुल ।

## नेपाल मण्डलय् लाइभ धर्मदेशना

२२ भाद्र, ललितपुर । रूद्रवर्ण महाविहारया मू ग्वसालय् अले सुमङ्गल विहारया ग्वहालि लिसें अमिर शाक्ययागु संयोजकत्वय् शिवदेव संस्कारित रूद्रवर्ण महाविहार, उकु बहालय् श्रद्धेय भिक्षु व अनागारिकापिनिपाखें गुँला लच्छियंक नेपाल भासं विशेष धर्मदेशना क्वचाल । नेपाल मण्डल टिभि च्यानलं लच्छियंक हे प्रत्यक्ष प्रसारण (लाइभ टेलिकाष्ट) या विशेष ज्याभ्वः न्ह्या:गु थ्व न्हापां खुसी खः । सम्भवतः नेपालय् थुकथं बुद्धधर्मसम्बन्धी लाइभ धर्मदेशना प्रसारण जूग न्हापां हे खः । थुगु ज्याभ्वः धुंका थुकथंया प्रभावकारी ज्याभ्वः न्ह्याकेमाः धकाः धाइपिनि ल्याः अप्वयावंगु दु धा:गु बुखँ प्राप्त जूगु दु सा सर्वसाधारण सकसिनं स्वइगु ज्याभ्वः जूगुलिं धर्मदेशकपिसं नं थःत प्रभावशालीकथं पिब्वयेगुली अझ ध्यान केन्द्रित यायेमा:गुली जोड बीफुसा बाँलाइ धकाः रचनात्मक सुझाव ब्यूपिं नं दु धयागु जानकारी प्राप्त जूगु दु ।

## जीवनय् सद्धर्मया भूमिका पिदन

२६ श्रावण, यल । नेपा:या संघउपनायक, अखिल नेपाल भिक्षु महासंघया नायो अग्गमहापण्डित भिक्षु ज्ञानपूर्णिक महास्थविरं **"जीवनय् सद्धर्मया भूमिका"** नांगु सफू शाक्यसिंह विहारय् छगू ज्याभ्व:स विमोचन यानाबिज्यासे धयाबिज्यात- धर्मया अनुवर्त्तन यायेगु अधिकार उपासकपिन्त नं दु, वसपोल दोलेन्द्ररत्नं थ:म्हं चायेकाः कर्तव्य भा:पाः दायित्त्व पूवंकाच्वंगु च्वछायेबहः जू । बौद्ध विद्वान, च्वमि दोलेन्द्ररत्न शाक्यया स्वीछगूगु सफू "धर्म चर्चा" उपासकपिनिगु पुचलं पिथंगु हेरारत्न शाक्यपाखें बुखँ प्राप्त जुल ।




## अभिधम्म उपदेश DVD पिदन

**सासनधज धम्मचरिय अग्गमहागन्थवाचक पण्डित धम्मवती गुरुमांया चय्दँ बुदिंया लसताय् अभिधर्म** DVD पिदंगु दु । वि.सं. २०५५ सालय् रिकर्डिङ्ग जुयाच्वंगु महत्त्वपूर्ण भिडियो रेकर्डया DVD लिसें अभिधर्म भाग १ व भाग २ सफू नं पिदंगु दु ।



DVD सेट (३२ चक्का) निद्वः (२०००/-) तका पुलाः DVD सेट न्यानादीपिन्त अभिधर्म सफू सितिं बीगु जानकारी प्राप्त जूगु दु । इच्छुक महानुभावपिन्सं धर्मकीर्ति विहार, फोन ल्याः ४२५९४६६ स स्वापू तयादीफइ ।

# बृहत शान्ति र्‍याली प्रदर्शन

**प्रस्तुति : सुनील महर्जन**

**१३ भाद्र, काठमाडौं ।** तीन महिनादेखि आन्दोलनरत बौद्धमार्गीहरुले राजधानीमा बृहत जनप्रदर्शन गरेपछि राजधानीको आवागमन ठप्पप्राय रह्यो । सुर्खेतको काँक्रे विहार संरक्षणको विषयमा आन्दोलनरत बुद्धमार्गीहरुले तेस्रो चरणको आन्दोलनअन्तर्गत शान्ति र्‍यालीको नाउँ दिएर शक्ति प्रदर्शन गरेको थियो । प्रदर्शनले राजधानीको मुख्य सडक सुन्धारा, न्यूरोड रत्नपार्क, बागबजार, पुतलीसडक, प्रदर्शनी मार्गको सडक खण्डमा सवारीसाधनको आवतजावत तीनघण्टा अवरुद्ध भएको थियो । र्‍यालीमा लामा गुरु, आनी, भिक्षु, श्रामणेर, अनागारिका, वज्राचार्य गुरुजु र उपत्यकाका तीन दर्जन संघसंस्थाका हजारौ बुद्धमार्गीहरु सहभागी भएका थिए । काठमाडौं उपत्यका, आसपासका गाविस, बुटवल, गुल्मी, लुम्बिनी, लमजुङ्ग, चितवन पाल्पाका बुद्धमार्गीहरु समेत सहभागी भएको थियो ।




विहान ९ बजे बसन्तपुर डवलीबाट सुरु भएको सो र्‍याली न्युरोड, जमल, रत्नपार्क, बागबजार, पुतली सडक, पद्मोदय मोड हुँदै प्रदर्शनी मार्गमा जनसभामा परिणत भएको थियो । नेपालको राष्ट्रिय झण्डा र बौद्ध झण्डा बोकेर सहभागी भएका लामा गुरु, भिक्षु अनागारिकाहरुले पनि निकै उफ्रिँदै नाराबाजी गरिरहेको देखिन्थ्यो । जनप्रदर्शनका क्रममा सुर्खेतमा बुद्धमूर्ति स्थापना गर्न पाउनै पर्छ, धार्मिक विभेदको अन्त्य गर, धार्मिक समानता कायम गर, धर्मनिरपेक्षता कार्यान्वयन गर, सरकारले धार्मिक सहिष्णुता बिगार्न खोजेको भन्दै नाराबाजी गरेका थिए । उनीहरुले काँक्रे विहारको संरक्षण गर्न बृहत काँक्रे विहार विकास कोष गठन गर्नुपर्ने, गोन्पा, विहार, चैत्य, मूर्ति आदि रहेको क्षेत्र वा स्थानहरुको सुरक्षित गर्नुपर्ने लगायत मागहरु अघि सारेका छन ।

जनसभामा आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै नेकपा माओवादीका देव गुरुङ्ग, संघीय समाजवादी पार्टीका महासचिव राजेन्द्र श्रेष्ठ, नेपाः राष्ट्रिय पार्टीका अध्यक्ष डा केशवमान शाक्य, नेपाली काँग्रेसका नेता ईन्द्रबहादुर गुरुङ्ग, पूर्व सभासद्हरु भिक्षु आनन्द, ल्हार्केल लामा, पासाङ्ग शेर्पालगायतकाले मुलक संघीय लोकतान्त्रिक गणतन्त्रमा पुगिसक्दा पनि राज्यको एकात्मक र केन्द्रीकृत नीतिले गर्दा सयौं वर्षदेखि बुद्धमार्गीहरुमाथि भईरहेको धार्मिक विभेद र वहिष्करण अब कुनै पनि हालतमा सह्य नहुने बताएका थिए । यसरी नै सरकारले बुद्धमार्गीहरुको शान्तिपूर्ण आन्दोलन बेवास्ता गरी वार्ताको नाउँमा आन्दोलन भाँड्ने षडयन्त्र गरिरहेको वक्ताहरुले जानकारी गराउनुभयो । नेपाल परम्परागत बुद्धधर्म संघकका अध्यक्ष प्रा. डा नरेशमान वज्राचार्यबाट स्वागत मन्तब्य, धर्मोदय सभाका कोषाध्यक्ष त्रिरत्न तुलाधर तथा अखिल नेपाल भिक्षु महासंघका कार्यकारिणी सदस्य भिक्षु पियदस्सीले कार्यक्रम संञ्चाल गर्नुभयो ।

सरोकार समितिअन्तर्गत नेपाल बौद्ध महासंघ, अखिल नेपाल भिक्षु महासंघ, धर्मोदय सभा, नेपाल परम्परागत बुद्धधर्म संघ, ऐक्यबद्धता जनाउँदैआएको आदिवासी जनजाति महासंघले संयुक्त आयोजनामा यो प्रदर्शनी भएको थियो । वृहत शान्ति प्रदर्शन गर्नअगाडि संयुक्त सरोकार समितिले भाद्र ४ देखि ९ गतेसम्म रत्नपार्कको शान्ति वाटिकामा विहान ७ देखि साँझ ७ बजेसम्म रिलेअनशनको आयोजना गरिएको थियो ।